Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ३८ २०८२ साल जेठ ६ गते मंगलबार (MAY 20, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# राजावादी आन्दोलनले गणतन्त्र ढाल्ने: राप्रपाको उद्घोष



■ मोहन कार्की

**काठमाडौं-** यहि आउदो १५ गते गाणतन्त्र स्थापना भएको दिनलाई पारेर राप्रपा लगायत राजावादीहरुले गणतन्त्र व्यवस्था नै ढाल्ने उद्घोष गरेका छन् । उनिहरुले प्रेस बक्तव्य नै जारी गरेर यस्तो उद्घोष गरेका हुन् । यसैगरी राजावादीहरुले गएको चैत्र १५ गते पनि तिनकुने चोकमा भेलाभई राजाको पक्षमा वकालत गरेका थिए । भने गणतन्त्रको विरुद्धमा नारा जुलुस गरेका थिए । उक्त दिन भीड र प्रहरी बीच भएको झड्पमा थुप्रै मानिस घाइते भएका थिए । भने एभिन्युज टिभिका क्यामेराम्यान सुरेश रजकलाई आगो लगाएर मारेका थिए । उक्त आगो प्रदर्शनकारी वा सरकार पक्षका मध्य कस्ले लगायो भन्ने अझैसम्म पुष्टि भएको छैन । अनुसन्धानकै क्रममा रहेको छ ।

यसरी देशमा राजतन्त्रवादीहरुको आन्दोलनमा भीड बढ्दै गएको देखिन्छ । जसमा नेपालका गणतन्त्र स्थापना पछि राजनीतिक पार्टीहरुले जनताको मन जित्न सकेको देखिदैन । त्यसको असर राजतन्त्रवादी आन्दोलनमा जनताको आकर्षण बढ्दै गएको छ ।

जनताको आकर्षण बढ्दै जादा राप्रपा लगायत राजतन्त्रवादीहरुले गणतन्त्र व्यवस्था ढाल्नुपर्ने उद्घोष गरिहरेका छन् । यता सरकार पक्षभने राजतन्त्रवादीहरुको आन्दोलनलाई दवाएर नै छाड्ने संकेत गरिरहेको छ ।

जसरी चैत्र १५ गते शान्तिपुर्ण कार्यक्रम भईरहेको स्थानमा सरकार पक्षका प्रहरीहरुले अश्रु ग्यास प्रहार गरेर दमणको संकेत गरेको थियो । अहिले पनि बिभिन्न ठाउँहरुका कतैपनि जुलुस, धर्ना नहोस भन्नका लागि सुरक्षा सतर्कता अपनाएको देखिन्छ ।

सरकार पक्ष दवाएर जाने राजतन्त्रवादी आन्दोलनकारीहरु आन्दोलनवाट सरकारलाई वार्ताको लागि बाध्य पार्ने तरिका अपनाई रहेका देखिन्छ । समयले साथ जसलाई दिन्छ । उसैको पल्लाभारी हुने देश हो । तर त्योभन्दा महत्वपूर्ण नेपाल देश र नेपालीले कहिल्यै कसैसँग हार्नु नपरोस भन्ने तिर आन्दोलनकारी पक्ष र सरकार पक्षले ध्यान दिनुपर्दछ ।

## साताव्यापी चीन भ्रमणमा जाँदै पूर्वराष्ट्रपति भण्डारी



काठमाडौं- पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी साताव्यापी चीन भ्रमणका लागि आगामी साता चीन भ्रमणमा जाने भएकी छन् ।

पूर्वराष्ट्रपतिको सचिवालय स्रोतका अनुसार उनी चीनको सरकारी निमन्त्रणामा जेठ १० गते बेइजिङ उड्ने कार्यक्रम तय भएको छ । उनले केही एमाले नेताहरूको प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछिन् ।

'भ्रमण तालिका तयार हुँदैछ, पूर्वराष्ट्रपति भण्डारीले बेइजिङमा उच्च स्तरीय राजनीतिक भेटवार्तासँगै मानसरोवरसम्म भ्रमण गर्ने कार्यतालिका बन्दैछ,' स्रोतले भन्यो ।

भ्रमणका क्रममा मानसरोवर भ्रमण गर्नेदेखि बेइजिङमा उच्च स्तरीय राजनीतिक भेटवार्ता पनि हुने बताइएको छ ।

गत वर्ष असारमा तय भएको पूर्वराष्ट्रपति भण्डारीको चीन भ्रमण अन्तिम समयमा स्थगित भएको थियो ।

## तीनकुने घटनालाई धर्म र आस्थासँग जोड्न मिल्दैन : गृहमन्त्री

काठमाडौं- गृहमन्त्री रमेश लेखकले कुनैपनि धर्मलाई आफ्नो राजनीतिक अभिष्ट पूरा गर्नका लागि प्रयोग गर्न नहुने बताएका छन् । प्रतिनिधि सभामा सांसदहरूका जिज्ञासाको जवाफ दिँदै गृहमन्त्री लेखकले यस्तो बताएका हुन् ।

कुनैपनि धर्मलाई असहिष्णु, अराजक र अपराधजन्य कार्यका निमित्त प्रयोग गर्न नहुने र धार्मिक आवरणमा अपराधजन्य काम र राजनीतिक अभिष्ट पूरा गर्ने काम गर्न नहुने उनले बताए ।

साथै, उनले गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनलाई कुनै धर्म र आस्थासँग जोडेर हेर्न नमिल्ने बताए ।

'तीनकुने घटनामा भएको आगजनी र हिंसा अपराध कर्म भएकाले उक्त कार्यलाई कुनै धर्म र आस्थासँग जोडेर हेर्न मिल्दैन । हिन्दु धर्मले अहिंसा, शान्ति र वन्धुत्वमा विश्वास गर्दछ । त्यो दर्शन र आदर्श तीनकुनेमा देखिएन,' उनले भने, 'हिंसालाई




धर्मसँग जोड्न सकिँदैन । तीनकुनेमा गरिएको राजतन्त्र वकालतको विषय नेपालको संविधान विपरित छ । जसलाई कुनैपनि विषयमा उचित मान्न सकिँदैन ।'

गृहमन्त्री लेखेकले कुनै धर्म उत्कृष्ट र धर्न अनुत्कृष्ट भन्ने नहुने उनले बताए ।

'कुनैपनि धर्मलाई आफ्नो राजनीतिक अभिष्ट पूरा गर्नका लागि प्रयोग गर्न हुँदैन । कुनैपनि धर्मलाई असहिष्णु, अराजक र अपराधजन्य कार्यका निमित्त प्रयोग गर्नु हुँदैन । धार्मिक

» बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३८, २०८२ साल जेठ ६ गते मंगलबार (MAY 20, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### देशको विकासमा भएका राम्रा उदाहरण लिएर उत्साह भरौं ।

नेपालमा केही हुदैन । विकास छैन । रोजगार छैन । सम्भावना छैन । भनेर निरासा बोकेर हिडिरहेका नागरिकहरुमा नेपालमा भएका राम्रा कामहरुको उदारण लिएर नागरिकहरुलाई उत्साह भर्ने काम गर्न जरुरी छ ।

२०७२ सालको सघियता सहितको संविधान बनाएर त्यसमा उल्लेख भएको प्रदेश स्थानीय निकाय गरी तिन तहको सरकार देशमा व्यवस्था गरेको छ । जसमा सवैभन्दा बढी अधिकार स्थानीय निकायलाई दिएको छ । जसको कारण केही स्थानीय निकायहरुमा जनप्रतिनिधि इमानदार भएका ठाउँहरुमा केही केही विकासका कामहरु भएका छन् ।

त्यस्ता उदारहणीय कामहरु जाहा जाहा भएका छन् । ति राम्रो उदाहारणीय कामहरुको सवै क्षेत्रवाट प्रचार गरी नेपालका पनि विकास सम्भव छ । उत्साहका साथ नेपालीहरु नेपालमा बाच्न सक्छन् । नेपालमा पनि सम्भावनाका अवसरहरु छन् । भन्ने उदाहरण दिन सक्नुपर्छ ।

अर्कोतर्फ सरकारले जनतालाई अप्ठ्यारो पर्ने खालका नियम कानून छन् भने त्यस्ता नियम कानूनलाई तत्कालै  परिवर्तन गरेर आषना जनताको सुविधाको लागि काम गर्न सक्नुपर्छ र जनताले  हाम्रो सरकार छ भन्नॆ महसुस गराउन सक्नुपर्छ ।

जस्तै वनमा काठ कुहिएर जाने तर जनताले काठ प्रयोग गर्न नपाउने, गाउँमा व्याक्तिका जग्गा बाजै हुने तर कुनै नागरिकले ठूलो स्केलमा खेती गर्छु भन्यो भने  नपाउने जस्ता समस्यालाई सावधान गर्न सरकारले नीतिगत रुपमा परिवर्तन गरेर जनताको हितमा यस्ता  सुधार गर्नुपर्ने  नियम कानूनहरु सुधार गरेर जनतालाई उत्साह भर्न सक्नुपर्छ ।

# संसदीय प्रणालीमा लिखित परीक्षा अपरिहार्य



गंगा न्यौपाने

नीति अर्थात् कुनै कार्य गर्नका लागि बनाइएको नियमलाई नीति भनिन्छ । राजनीति भन्नाले राज गर्नका निम्ति बनाइएको नीति हो । प्रस्ट अर्थमा भन्ने हो भने कुनै वर्ग, सम्प्रदाय, समुदाय, क्षेत्र, राज्य र विश्वमा आफ्नो वर्चश्व कायम गरी आफूले बनाएको नीति अवलम्बन गर्न-गराउन लागू गरिने नियमलाई राजनीति भनिन्छ ।

विभिन्न समयमा विभिन्न राजनीतिज्ञहरुले प्रतिपादन गरेका नीतिहरुलाई अवलम्बन गर्दै जनताले विभिन्न पार्टीको नाम दर्ता गरी राष्ट्र, समुदायमा राजनीति गरिरहेका पाउँछौं । धार्मिक नीति पनि हामीले अनुशरण गरिरहेका छौं । धर्म अर्थात् मानवतामा कुनै प्रकारको आँच नआउने, सबैलाई सन्तुष्टी दिनका निम्ति गरिने सत्य कर्मको नीतिलाई धार्मिक नीति भनेर बुझिन्छ ।

धार्मिक नीतिमा सानो, ठूलो, जात, रंगभेद नगरीकन समान दृष्टिले अन्तरमनमा विराजमान स्वहंद्वारा निर्धारित नीति जुन सबैमा समान भाव, दृष्टि र कर्मले सञ्चालनका निम्ति प्रेरित हुने गर्छ । कूटनीति अर्थात् कुटिल नीति जसले यथार्थ सत्यको त्याग नगरी नीतिको पालना गर्दै गराउँदै अगाडि बढ्न सिकाउँछ र सत्यताको बोध गराउँछ भने त्यसलाई कूटनीति भनिन्छ ।

कहिलेकाहीँ यथार्थ एउटा छ तर नीति अर्को हो भने यथार्थ र नीतिबीच विपरीत सम्बन्ध रहेको पाइन्छ, त्यति बेला उपयुक्त समयमा उक्त सत्यता र नीतिबीचको भेदका बीचमा विचार विमर्श गरी उचित समाधान निकाल्नु अति उपयुक्त हुन्छ, जसलाई कुटनीति भनिन्छ, जसले नीतिको पालना पनि हुन्छ र सत्यतालाई पनि सुरक्षित गरी स्थापित गर्न सक्षमता नै कूटनीतिकवान् बन्न सक्छ ।

नीति बनाउन जति सहज छ त्यति नै कठिनाइ पालना गर्नमा हुनेछ । हामीले बनाएका नीतिको उचित कार्यान्वयन गर्न नसक्दा हामी नै फेल भएका छौं । हामी अर्थात् नीति निर्माताले मात्र नीति पालना गरेर हुँदैन । अरु सबैलाई सो नीतिको विषयमा बुझाउने र पूर्ण पालना गराउने गरेमा मात्र नीति स्थापित हुन्छ र सो नीति प्रतिपादन गर्नेको नाम अग्रपंक्तिमा हुन्छ ।

धार्मिक, सामाजिक र राजनीतिक नीति प्रतिपादित छन् तथापि व्यावहारिक नीति छन् कि छैनन्, कार्यान्वयन पक्षमा केही समस्या आएको छ कि ? समयसापेक्ष छ कि छैन भन्ने विषयमा समय-समयमा विचार विमर्श र संशोधन गर्न आवश्यक छ । अस्थिर विचार र सोचका कारण नीति कार्यान्वयनमा असहजता भएको पाइन्छ । नीति निर्माता र कार्यान्वयन पक्षहरुका बीचमा स्वार्थका कारण विवादित हुँदा नीति उचित हुँदाहुँदै पनि हाम्रो कार्य गर्ने संयन्त्र फेल भएको थुप्रै उदाहरण छन् ।

नीति निर्माण गर्दा व्यक्तिगत हितलाई होइन, समग्र सामाजिक, धार्मिक र राजनीतिक अवस्था, परिवेश, समय, सन्दर्भ र भौगोलिकतालाई मध्यनजर गरेर बनाउनु उचित हुन्छ, तथापि नीति निर्माणकर्तालाई सबैले सहयोग गर्ने परिपाटीको विकासका निम्ति हामी अग्रसर हुन जरुरी छ । अब राष्ट्रिय नीति र संयन्त्रको विषयमा चर्चा गरौं । हामी नेपाली हौं, नेपाल राष्ट्रको राष्ट्रिय नीति भनेकै संविधान हो ।

राष्ट्रिय नीति सञ्चालनका निम्ति बनाइएको संयन्त्र व्यवस्थापिका, कार्यापालिका र न्यायपालिकाको संरचना नराम्रो छैन । तर हामीले सोही संरचनामा रहेर गरेको कार्यान्वयन पक्षमा लोभ, मोह र स्वार्थका कारण परेको असरका कारण नै हाम्रा लागि चुनौती बनेको छ । लक्ष्य, उद्देश्य एकातिर छ तर हाम्रो अनेकौं स्वार्थका कारण कार्यान्वयन पक्ष नीति विपरीत भएर नै हामीले हाम्रो खुट्टामा बन्चरो हानेका छौं ।

संविधानका धाराहरुले पनि स्पष्ट, सरल र सहज भाषामा उल्लेख नगरी एउटा धाराले उल्लेख गरेको नीतिलाई अर्को परिच्छेदको धाराले माथि जे भनिए तापनि यसो हुनेछ भनी काट्दा विधिविधान पढ्ने जो कोहीमा अस्पष्टता आएको सत्यतालाई मनन गरी संशोधन गर्न आवश्यक धारामा नै स्पष्ट उल्लेख गर्ने र सोही बमोजिम सञ्चालन गर्ने गर्नुपर्छ ।

सचेत नागरिकद्वारा चुनिएका नेता जुन राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद भनी छनौटमा पर्ने प्रक्रिया रहेको छ, उक्त प्रक्रियामा नेता छनौट गर्दा हामी जनताले कतिको निःस्वार्थीभावले चयन गरेर पठायौं भन्ने विषय महत्वपूर्ण रहेको पाइन्छ । वर्षौंदेखि लागेको पार्टीसँग गरेको प्रतिबद्धता एक रातमा आएर केही स्वार्थ पूर्तिका निम्ति कसैले केही दिँदैमा त्यागेर लोभ, मोह र स्वार्थ प्राप्तिका लागि लाग्छ भने त्यसरी दिएको भोटको कारण हामी गुलाम बन्नुपर्छ ।

किनभने हामीले भोट दिएर त जितेको हो नि, हामीले जे भन्यो त्यही मान्नुपर्छ भन्ने मान्यताका मतदाताहरु पनि राष्ट्रका निम्ति घातक हुन् । नेतृत्व वर्गले त्यस्ता मतदाताहरुलाई चिन्न जरुरी छ । एउटा भोट दिएबापत राष्ट्र, राष्ट्रिता र जनताप्रति बफादार बन्न भनेको सत्यतालाई एउटा राष्ट्र सेवकले बिर्सन हुँदैन । तर एउटा भोट दिएबापत उसैको गुलाम बन्नका निम्ति अपेक्षा राख्ने मतदातालाई पनि त्याग गर्न आवश्यक देखिन्छ । मतदाताहरुमा पनि अति महत्वाकांक्षाको अन्त्य हुन जरुरी छ ।

संसदीय व्यवस्था र संयन्त्र गलत होइन । त्यस व्यवस्था र संयन्त्रलाई सञ्चालनकर्ता विभिन्न स्थानमा भएका घुसपैठ र त्यसबाट भएको असहयोग नै नीतिलाई फेल गराउने षडयन्त्र हो । एकतन्त्रीय शासक सधैँ हितकारी हुन्छ भन्न सकिँदैन । उसको बसमा नपर्दासम्म प्राप्तिका निम्ति नरम र अचिलो हुन्छ । सहयोगका निम्ति लचिलो पनि हुन्छ, जब पाउँछ अनि उसले आफ्नो चर्तिकला देखाउन थाल्छ ।

सबैको हितभन्दा पनि आफ्नो र आफन्तको हितका निम्ति कर्म गर्दै आफ्नो वर्चश्व कायम गरी दासी बनाउनतिर लाग्छ । बनमा उडेको चरालाई नछोप्दासम्म चारा हाल्छ, बोलाउँछ, नित्य नजिकिने प्रयत्न गर्छ, जब उसले चरालाई छोपेर पिँजडामा हाल्छ अनि खेल खत्तम गर्छ अनि आफ्नो स्वार्थ पूर्णतातिर लाग्छ । त्यसैले स्वतन्त्रतालाई गुम्न दिनु भनेकै मूर्खता हो तर स्वतन्त्रताको नाममा अश्लिल कार्य गर्नु, आफ्नो सीमारेखा नै बिर्सिने र दायित्व भुलेर नैतिकतामा नै आँच आउने कार्य गर्नु पनि स्वतन्त्रतामाथि गरिएको हिंसा हो ।

तथापि कसैले आफ्नो स्वार्थपूर्तिका निम्ति कार्य गराउने र पूर्णतापश्चात् उसलाई हटाउनका निम्ति नैतिकतामा प्रश्नचिह्न खडा गरेर मान हानी गरी हटाउने खेल खेल्नु पनि महापाप हो । त्यसैले राजनीतिभन्दा कूटनीति उचित हो । तथापि राष्ट्र र राष्ट्रियताका निम्ति जनताले गरेको त्याग, बलिदानलाई स्मरण गर्दै ती सन्तानहरु पनि हाम्रै सन्तान हुन्, तिनको त्यागलाई मेटिन दिनुहुँदैन र कसैको पनि दासी भएर होइन, आत्मसम्मानलाई आँच नआउने गरी कर्म गर्नु आवश्यक छ ।

अहिलेको राष्ट्रिय नीतिबमोजिमको संयन्त्र संसदीय प्रणालीलाई संशोधन गरी आवश्यकता अनुरुप थपघट गरिनु उचित हुन्छ । त्यहाँ चुनिएका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री तथा सांसदहरुको लिखित प्रतिस्पर्धा गराएर जसको योग्यता जहाँ छ उसलाई मात्र सो पदीय जिम्मेवारी दिने अनि उक्त जिम्मेवारीको पालना नीतिबमोजिम गरे वा नगरेको अनुगमन, मूल्यांकन अध्यावधिक गर्ने निकायको पनि आवश्यक भएको पाइन्छ ।

हामीले राष्ट्रियतामा आँच आयो भन्छौं तर के कारणले, कसको कारण र किन आँच आयो भन्ने स्वमूल्यांकन गरी उचित दण्ड, सजाय वा पुरस्कृत हुने व्यवस्थाको पनि कार्यान्वयन हुन अति आवश्यक छ । रक्षक भनी सुरक्षा माग्न जाँदा उही रक्षकबाट बलात्कृत भएको घटनालाई हामीले के भन्ने ? आफूलाई फाइदा हुन्छ भने अरुको घर नै उजाडिँदा पनि खुशी मनाउने र आफ्नो सानो खुशी क्षणभरका निम्ति गुम्यो भने मलाई अन्याय भयो भन्नेले आफूले गरेको कर्मका कारण यस्तो भयो भनेर महसुस नगर्नेलाई यथार्थ बोध गराउनु जरुरी छ ।

त्यसैले 'राष्ट्रिय नीति र संयन्त्रसहित संसदीय प्रणालीमा लिखित परीक्षा अपरिहार्य' हुनुपर्छ । नीति निर्माण तहमा पुगेका नेता, माननीय सांसदहरुले आफ्नो नाम शुद्ध भन्न नसकेको भिडियो सामाजिक सञ्जालमा देख्दा अति दुःख लाग्छ । महिला नेतृत्वमा समानुपातिक भनी राखिएका सांसदहरुको दयनीय अवस्थालाई मध्यनजर राख्दै उनीहरुलाई बोल्न सक्ने बनाएर समानुपातिक वा महिला कोटामा अगाडि बढाउन राजनीतिक दलले समय खर्चिएमा भविष्यमा उनीहरुले नीति बनाउने स्थानको गरिमा बुझ्ने थिए ।

समावेशीका नाममा नेतृत्वकला नै नभएकाहरुलाई नीति निर्माण तहमा पुर्‍याएपछि देशको अवस्था के होला ? तिनीहरुले कसरी कूटनीति, राजनीतिलाई बुझेर देशको रक्षा गर्ने हो ? यसो गर्दा हालिमुहाली र एकतन्त्रीयता गर्नका निम्ति कसैलाई सुनौलो अवसर प्राप्त अवश्य हुन्छ तर राष्ट्रको विकास जनताको रक्षा, सुरक्षा, समृद्धि र वृद्धि भने एकादेशको कथा हुनेछ । समयमा बुद्धि पुर्‍याएर दासत्वरहित स्वतन्त्र सरकारको संयन्त्र निर्माण गरी उक्त संयन्त्रमा चुनिनका निम्ति लिखित र मौखिक परीक्षा दिने प्रणालीद्वारा ५ बर्से कार्यकालका निम्ति चयन गरी राष्ट्रको स्वाभिमान बचाउँदै सर्वाङ्गिण विकास गर्न आवश्यक छ । त्यसो गर्नाले बहुदलीय प्रणाली, गणतान्त्रिक व्यवस्थासहितको स्वतन्त्र सरकारको स्थापना हुने र दासत्वरहित समानताको अधिकार, गाँस, बास, कपास, स्वास्थ्य र शिक्षाको सुनिश्चितता हुनेमा कुनै शंका छैन ।

राष्ट्रियता कुनै व्यक्ति, दलको दासत्व होइन स्वाभिमान हो, जुन सदा स्वतन्त्र हुन आवश्यक छ । अन्यथा जहानिया राणाकाल, शाह वंशीय राजकीय शासन र बहुदलीय गणतन्त्रमा भोगेको फरक प्रकारका दासत्व स्वीकार गर्नु नै आफ्नो खुट्टामा आफैँ बन्चरो हान्नु हो । स्वतन्त्र संयन्त्र निर्माण गरी बहुदलीय व्यवस्थाबाट चुनिएका नेताहरुको लिखित र मौखिक परीक्षा लिई प्रतिस्पर्धाबाट आएका बौद्धिक व्यक्तिहरुद्वारा राष्ट्र सञ्चालन गराउने प्रणालीको व्यवस्था गरेमा गठबन्धन पनि गर्नुपर्दैन, दक्षता भएका नेतृत्वले स्थान प्राप्त गर्छन् भने निःस्वार्थ र जिम्मेवारीबोध पनि हुने भएकाले अनियमितताको अन्त्य भई भ्रष्टाचारमुक्त राष्ट्र निर्माण गर्नका निम्ति सबै जनताले सहयोगी भूमिका निर्वाह गरेमा कसैको पनि दासत्व स्वीकार्नुपर्दैन ।

प्रेस क्षेत्र राष्ट्रको चौथो अंग भएको दाबी गरिए तापनि कुनै स्थानको सुनिश्चितता नगरिएको सञ्चार क्षेत्र अझै पनि राष्ट्रमा अस्पष्ट आफ्नो स्थानको खोजीमा अल्मलिनुपरेको विडम्बना छ । अरुको हकहित र अधिकार न्याय, अन्यायको वकालत गर्ने सञ्चार क्षेत्र आफ्नै स्थान र अधिकारको टुंगो नलागेर रुमलिनुपर्दाको यथार्थ सत्यताले व्यवस्थापन अलमलमा परेको महसुस छ । कुनै पनि मनुष्य बाँच्नका निम्ति आवश्यक रगत उत्पादन गर्ने अंग र उक्त रगतलाई सञ्चारित गरेर आवश्यकता अनुरुप सम्बन्धित स्थानमा पुर्‍याउने अंगको महत्व उत्तिकै रहेको हुन्छ ।

ती दुवै अंगको स्थान समान हुनुपर्छ । त्यस्तै गरी ती अंगले गरेको काम ठीक छ कि छैन भनी हेर्ने र मूल्यांकन गरी आवश्यकता अनुरुपको निर्णय गर्ने निकाय माथिल्लो हुनु आवश्यक छ । यदि मूल्यांकन गरी मार्गनिर्देश गर्ने निकाय स्वतन्त्र हुन सकेन भने तिनै अंगको प्रभावमा परी मूल्यांकन, मार्गनिर्देशन फितलो भई दुरगामी गलत असर पर्छ । जसको कारण हाम्रो नीति निर्माणदेखि न्यायालय र कार्यान्वयन प्रणालीमा असर पुग्छ अनि असफल भइन्छ ।

अर्थात् आवश्यकता अनुरुप शरीरमा सन्तुलन नभएका कारण मनुष्य शरीरमा क्यान्सर भई भौतिक शरीरको क्षति पुग्नेमा कुनै शंका छैन । त्यसैले अति महत्वपूर्ण बौद्धिक क्षेत्रलाई संविधानमा कुनै पनि स्थान सुनिश्चित गर्न नसकिएकाले ती ब्रह्मज्ञानीहरु अपमानित भएको हाम्रो संविधानको संशोधन पनि आवश्यक छ । सञ्चार क्षेत्रलाई अति महत्वपूर्ण क्षेत्र पनि भन्ने तर स्थान दिने बेलामा अनकनाइरहँदा खेल खेलिरहने र आवश्यकता अनुरुप उपभोग गरिरहने तर संवैधानिक स्थान दिई सुनिश्चिता गर्न मन नगर्ने कारण पनि असन्तुष्टिजनक राजनीति गरिएको आभास हुन्छ ।

यस्तो राजनीतिमा हामी अल्मलिनुहुँदैन । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासँगै समान स्तरमा सञ्चार क्षेत्रको पनि स्थान संविधानमा व्यवस्था गरिनु आवश्यक छ । यी चारै क्षेत्रबाट एक-एक गरी, एउटा समूह बनाई, राज्यको माथिल्लो स्तरको अनुगमन गर्ने व्यवस्था गरिएमा आवश्यकता अनुरुप मूल्यांकन गरी कमजोरी भएका स्थानमा ऊर्जाशील बनाउनका लागि सकारात्मक ऊर्जा प्रवर्द्धन कार्य गर्नाले राष्ट्र निर्माण तथा उचित सुसञ्चालन हुनेमा कुनै शंका छैन ।

यी सबै कार्य व्यवस्था गर्दा आवश्यक लिखित, मौखिक परीक्षा लिई उचित व्यक्तिलाई मात्र स्थान दिन अति जरुरी छ । समानता बोलेर होइन, कर्मबाट देखाउने प्रवृत्तिको विकास सबैमा होस् ।

# मुस्ताङको ठिनी खोलामा मोटरेबल पुल बन्दै



मुस्ताङ- मुस्ताङको घरपझोङ गाउँपालिका थाकका पाँच गाउँ जोड्ने रिङरोडको ठिनी खोलामा धमाधम मोटरेबल पुल निर्माण भइरहेको छ ।

गण्डकी प्रदेश भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयले रु ४ करोड ४६ लाखमा बहुवर्षीय ठेक्का लगाएर निर्माण प्रारम्भ गरेको हो ।

उक्त कार्यालयका सूचना अधिकारी घनश्याम मगरका अनुसार २०८३ साउन अन्त्यसम्ममा निर्माण सम्पन्न गर्नुपर्नेछ । पुल ३५ मिटर लामो र दुवैतर्फ दुई दशमलव चार मिटर पैदलमार्ग सहित आठ दशमलव चार मिटर चौडा हुनेछ । हालसम्म भौतिक ४५ र वित्तीय प्रगति ३७ प्रतिशत भएको छ ।

यसैबीच, प्रदेश सरकारले घरपझोङ गाउँपालिकाको थाक पाँच गाउँअन्तर्गत जोमसोम, ठिनी, ढुम्बा, स्याङ, छैरो-चिमाङ र मार्फा जोड्ने १० दशमलव पाँच किलोमिटर सडक स्तरोन्नति गरिरहेको छ ।

# पार्टीभित्र उकुसमुकुस, गुनासो, असन्तुष्टि र छटपटाहट छ : गगन थापा



काठमाडौं- सत्तारुढ दल नेपाली कांग्रेसका महामन्त्री गगन कुमार थापाले पार्टीभित्र उकुसमुकुस, गुनासो, असन्तुष्टि र छटपटाहट देखिएको टिप्पणी गरेका छन् ।

बीपी कोइरालाको जीवनकथामा आधारितक पुस्तक 'सान्दाजु' को लोकापर्ण गर्न आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् । साथै, उनले यसभित्रै अवसर छ भनेर पनि भन्नुपर्ने बताए ।

'नेपाली कांग्रेस पार्टीभित्र अहिले एउटा खालको उकुसमुकुस छ, गुनासो छ, असन्तुष्टि छ, एउटा छटपटाहट देखिन्छ । तर, एउटा अवसर पनि छ भनेर म भनिरहेको छु,' महामन्त्री थापाले भने ।

लामो समयदेखि टेक्निकल र ब्युरोक्रेटिक कुरा गरिएको भए पनि यो पटकको घटनाले फरक अनुभव गराएको उनले बताए ।

'यो पटकको घटनाले हामीलाई के देखाइदिएको छ, चुनाव जितेका छौं । नेपालको ठूलो पार्टी हौं हामी । हामी सबैतिर सरकारमा छौं । नभएको ठाउँ नै छैन । अहिले बनाएको प्रधानमन्त्री र हुनेवाला प्रधानमन्त्री पनि हाम्रो,' महामन्त्री थापाले भने, 'सबै हाम्रो । गभर्नर हाम्रो, उ, हाम्रो त्यो हाम्रो । जताततै हाम्रो । यस्तो बेलामा खुसी हुनुपर्ने हो नि कांग्रेस । सबै हाम्रो भएको बेलामा किन खुसी नभएको त ? यसले के देखायो भने हामीले खोजेको यो होइन ।'

# जलस्रोत विधेयक प्रतिनिधिसभाबाट पारित



काठमाडौं- जलस्रोत विधेयक प्रतिनिधिसभाबाट पारित भएको छ । सोमबार बसेको प्रतिनिधिसभाको बैठकमा ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्काले प्रस्ताव गरेको संशोधित दफासहितको विधेयक बहुमतका साथ पारित भएको हो ।

यसअघि संसदमा पेश भइसकेको विधेयकलाई प्रतिनिधिसभाको पूर्वाधार विकास समितिमा दफावार छलफल गरिएको थियो । छलफलपछि तयार पारिएको प्रतिवेदनसहित मन्त्री खड्काले विधेयक संसदमा प्रस्तुत गरेका थिए ।

विधेयक मूलतः संघीय संरचना अन्तर्गत संघ, प्रदेश र स्थानीय तहबीच जलस्रोतसम्बन्धी आयोजनाको विकास, सञ्चालन, दायित्व तथा अधिकार र राजश्व बाँडफाँट गर्न कानुनी ढाँचा तयार गर्ने उद्देश्यले ल्याइएको हो । साथै, सतह तथा भूमिगत जलस्रोतको उपयोग, संरक्षण र एकीकृत विकासका सिद्धान्तलाई कार्यान्वयन गर्ने नीतिगत मार्गचित्र पनि यसमा समावेश गरिएको छ ।

त्यसअघि विधेयकमाथि छलफलको क्रममा प्रतिनिधिसभा सदस्यहरूले उठाएका प्रश्नको जवाफ दिँदै ऊर्जामन्त्री खड्काले जलस्रोत ऐन, २०४९ को कार्यान्वयनका क्रममा देखा परेका समस्या, चुनौती र अवसरलाई समेट्दै तथा अन्तर्राष्ट्रिय अभ्यासलाई समेत ध्यानमा राखी नयाँ विधेयक तयार गरिएको बताए ।

जलस्रोतको उपभोग, सरंक्षण कसरी गर्ने भनेर पूर्वाधार विकास समिति, कानुन मन्त्रालयलगायतका विस्तृत छलफलपछि मात्र पेश गरिएको उनको भनाइ थियो । विधेयकको प्रारम्भिक मस्यौदा ३१ जेठ २०८१ मा तत्कालीन ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले संसद्मा दर्ता गराएका थिए ।

## मानव बेचबिखनजन्य कार्यहरू

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्रि गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

रामेछाप डायरी

# सहकारी संचालकहरुलाई क्षमता विकास तालिम सम्पन्न




रामेछापको रामेछाप नगरपालिकामा रहेका सहकारी संस्थाका संचालकहरुलाई क्षमता विकास तालिम दिइएको छ । सो तालिम सोमबार (आज) सम्पन्न भएको छ । तालिम समापन कार्यक्रममा बोल्नुहुँदै रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्कीले तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतारेर व्यवस्थित रुपमा सहकारी चलाउन आग्रह गर्नुभयो । सहकारी संचालकहरुको मागको आधारमा नगरले योजना तथा कार्यक्रम तयार गर्ने उहाँको भनाई छ ।

रामेछाप नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाईले नगरपालिकामा रहेका सहकारीहरुमा ठुलो समस्या नरहेको बताउनुभयो । सानातिना समस्याहरु रहेकाले ति समस्याहरु समाधान हुने खालका रहेको उहाँले बताउनुभयो । नगरका कुनै पनि सहकारीहरुमा समस्या नआवस भन्नको लागी यस प्रकारको तालिम संचालन गरिएको उहाँले बताउनुभयो ।

दुई दिनसम्म चलेको तालिममा बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघका कार्यक्रम अधिकृत बिमला पुडाशैनीले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा सहभागीहरुले तालिम निकै उपलब्धीमूलक रहेको बताएका छन । रामेछाप नगरपालिकाको आर्थिक सहयोगमा भएको तालिममा नगरका ४० वटा सहकारीका संचालक तथा पदाधिकारीहरुको उपस्थिती रहेको थियो ।

नगरपालिकामा रहेका सहकारीहरुलाई व्यवस्थित ढंगबाट संचालन गर्न यो तालिमले महत्वपूर्ण भूमिका खेलेको जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष जगन्नाथ दाहालले बताउनुभयो । यहि जेठ ६ र ७ गते पनि सहकारीका कर्मचारीहरुलाई पनि क्षमता विकास तालिम आयोजना गरिएको छ ।

# एमालेलाई ०८४ मा बहुमत ल्याउन असम्भव छैन : प्रधानमन्त्री ओली



काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले ०८४ को निर्वाचनमा एमालेले एकल बहुमत ल्याउने उद्देश्य राखेको र त्यो पूरा भएरै छाड्ने दाबी गरेका छन् ।

नेपाल उत्पीडित जातीय मुक्ति समाजको सातौं महाधिवेशनलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री ओलीले एकल बहुमत ल्याउने काम कष्टपूर्ण भए पनि एमालेका लागि त्यो सम्भव भएको जिकिर गरे ।

'हामीले मिसन ८४ को उद्देश्य लिएका छौं । एकल बहुमत ल्याउने उद्देश्य लिएका छौं । यो असम्भव छैन । यो विल्कुलै सम्भव छ,' एमाले अध्यक्ष समेत रहेका ओलीले भने, 'कसैलाई पनि बहुमत ल्याउन नदिने प्रणाली हामीकहाँ छ । तर, हामीले धेरै सिट ल्यायौं भने कसैलाई बहुमत ल्याउन नसक्ने परिपाटीमा पनि सकिन्छ ।'

अहिलेको समानुपातिक प्रणालीमा हङ पार्लियामेन्टमा हुने बताउँदै उनले यही प्रणालीमा बसेर बहुमत ल्याउन लाग्नुपर्ने उनले बताए ।

'समानुपातिक प्रणाली साधरणतया हङ पार्लियामेन्टमा हुन्छ । यसले कसैको बहुमत आउँदैन । तर, प्रणाली हामीले चुनिसकेको छौं । अहिले यो प्रणाली नै कायम रहन्छ,' प्रधानमन्त्री ओलीले भने, 'यसै प्रणालीभित्र हामीले बहुमत ल्याउनुपर्ने छ । यो कष्टसाध्य छ, चुनौतीपूर्ण छ तर पनि यो काम नेकपा एमालेका लागि सम्भव छ । हामी एकल बहुमत ल्याउने तयारीमा जुटेका छौं ।'

# गणतन्त्र दिवसको मूल समारोह समितिबाट बालेनलाई हटाउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौं- गणतन्त्र दिवस, मूल समारोह समितिको बैठकमा अनुपस्थित भएपछि काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहको नाम समितिबाटै हटाउन प्रधानमन्त्री केपी शर्मा ओलीले निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सोमबार दिउँसो मूल समितिको बैठक बसेको थियो । उक्त बैठकमा काठमाडौंका मेयर शाह अनुपस्थित थिए ।

अघिल्लो वर्ष पनि उनी गणतन्त्र दिवसको अवसरमा आयोजित सभामा सहभागी भएका थिएनन् । आजको बैठकमा पनि उनी अनुपस्थित भएपछि प्रधानमन्त्री ओलीले बैठकमा चासो राखेका थिए ।

'उहाँले नामै त भन्नुभएन, तर काठमाडौं महानगरका प्रमुख यसरी अनुपस्थित हुनुमा उहाँ (प्रधानमन्त्री)ले चासो राख्नुभयो' बैठक स्रोतले भन्यो, 'उहाँ (बालेन) नआउने हो भने अबदेखि समितिमा नै नराख्नू ।'

ती स्रोतका अनुसार, सम्भवतः मूल समारोह समितिको पदेन सदस्यमा महानगरको मेयर रहने व्यवस्था हटाइनेछ ।

बैठकले प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा मूल समारोह समिति गठन गरेको छ ।

आगामी जेठ १५ गतेको उक्त दिवसका लागि यही जेठ १४, १५ र १६ गते हरेक दिन साँझ सबै सार्वजनिक निकायमा दीप प्रज्ज्वलनसहितका कार्यक्रम गर्न तहगत समिति र उपसमिति गठन गरिएको छ ।

त्यस्तै, विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासमा पनि कार्यक्रम तय गरिएको छ । जेठ १५ गतेको मुख्य कार्यक्रम सैनिक मञ्च टुँडिखेलमा मूल समारोह समितिको कार्यक्रम हुनेछ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ३८, २०८२ साल जेठ ६ गते मंगलबार (MAY 20, 2025)

# सीपी खेतानले सिंगापुरमा साढे ८ अर्बमा किने 'डक्स्टन रिजर्भ', कोठाको सवा

काठमाडौं- व्यवसायी सीपी खेतानको लोटस वान इन्भेष्टमेन्टले सिंगापुरको बुटिक होटल डक्स्टन रिजर्भ खरिद गरेको छ ।

८ करोड सिंगापुर डलर (८ अर्ब ४४ करोड रुपैयाँ) मा खेतानको कम्पनीले सिंगापुरको प्रतिष्ठित लक्जरी होटल निर्माता तथा प्रोपर्टी डेभलपर गर्चा समूहसँग होटल खरिद गरेको हो ।

लोटस वान इन्भेष्टमेन्टले प्रति कोठा १६ लाख ३० हजार डलर (१७ करोड १९ लाख रुपैयाँ) हालेर होटल किनेको छ । होटलमा ४९ वटा कोठा छन् ।

खेतानले लोटस वान इन्भेष्टमेन्ट सन् २०१६ मा स्थापना गरेका थिए । उनी मोहन खेतानका छोरा हुन् । उनै मोहनले खेतान समूहलाई नेपालको प्रतिष्ठित व्यापारिक घराना बनाएका थिए ।

खेतान समूहले नेपालमा बैंकिङ, इन्स्योरेन्स, सूचना प्रविधि, ब्रुअरी, रियल इस्टेट, ऊर्जासहितका क्षेत्रमा लगानी गर्दै आएको छ ।

'यो एक्विजिसन रणनीतिक लगानी मात्र होइन,' लोटस वन इन्भेस्टमेन्टका निर्देशक निर्मल सिंहले भने, 'हामी यसलाई गर्चा समूहसँग विशिष्ट आतिथ्य सेवाप्रति प्रतिबद्धताको आधारमा निर्माण गरिएको दीर्घकालीन साझेदारी रणनीतिको सुरुवातको रूपमा पनि हेर्छौं ।'

डक्स्टन रिजर्भ मेरियट इन्टरनेसनल अटोग्राफ कलेक्सन ब्राण्डअन्तर्गत व्यवस्थापन हुँदै आएको छ ।



सतिन्दर गर्चाले सन् २०१३ मा ५० करोड सिंगापुर डलरमा प्रोपर्टी खरिद गरेर बर्जया होटलका रुपमा सञ्चालन गरेका थिए । त्यतिबेला प्रति कोठा मूल्य १० लाख २० हजार डलर परेको थियो । गर्चाले होटललाई निरन्तर रिफर्बिस गरेर आकर्षक प्रोपर्टीमा रुपान्तरण गरेका थिए ।

जसका लागि उनले बेलायती डिजाइनर अनौष्का हेम्पेललाई इन्टेरियर सुधारको जिम्मा दिएका थिए ।

पछिल्लो समय खेतान समूहले गोर्खा ब्रुअरी र कार्ल्सबर्ग इण्डियामा रहेको सेयर बेचेको थियो । खेतान समूहसँग गोर्खा ब्रुअरीमा प्रत्यक्ष र अप्रत्यक्ष गरी ४३ प्रतिशत तथा कार्ल्सबर्ग इन्डियामा ३३.३३ प्रतिशत सेयर स्वामित्व थियो । यो सबै सेयर खेतान समूहले एक खर्ब रुपैयाँमा बिक्री गर्न डेनमार्कको कार्ल्सबर्ग समूहसँग सम्झौता गरेको थियो ।

# महालक्ष्मी विकास बैंकद्वारा क्रेडिट कार्ड भुक्तानीमा मासिक किस्ता EMI सुविधाको शुभारम्भ

**काठमाडौं-** ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराईरहेको महालक्ष्मी विकास बैंकले ग्राहकहरुको वित्तिय आवाश्यकतालाई थप सहजीकरण गर्न आफ्ना क्रेडिट कार्ड ग्राहकहरुलाई मासिक किस्तामा (Equal Monthly Installment) आधारित भुक्तानी सुविधाको सुरुवात गरेको छ ।

"Buy What You Love, Pay How You Like" भन्ने योजनामा ग्राहकहरुलेमहालक्ष्मी क्रेडिट कार्ड मार्फत आफुले खरिद गरेको सेवा वा वस्तुको मुल्यको भुक्तानी ३ महिना देखी १२ महिना सम्मको लचिलो अवधी रहने गरी मासिक रुपमा भुक्तान गर्न मिल्ने गरी रुपान्तरण गर्न सक्नेछन् ।

नेपाल, भारत वा भुटान भित्र जुनसुकै स्थानबाट जुनसुकै बिक्रेता, सप्लायर्स वा डिलरहरुबाट सेवा वा वस्तु खरिद गर्दा ग्राहकहरुले मासिक किस्ता मार्फत भुक्तानी गर्न सक्नेछन् ।

ग्राहकले आफुले खरिद गरेको बिल पेश गरे पश्चात महालक्ष्मी विकास बैंकले सहज रुपमा नै सो कारोबारलाई मासिक किस्तामा परिवर्तन गरिदिनेछ र यसरी यस योजना अन्तर्गत मासिक किस्तामा परिवर्तन गर्दा बैंकले EMI Processing शुल्क लिनेछैन ।

बैंकले हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको निति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै "महालक्ष्मी स्मार्ट साथी" सञ्चालनमा ल्याएको छ ।




# भाटभटेनी समूह अब अपार्टमेन्ट निर्माणमा, चुच्चेपाटीमा ६४ युनिट बनाउने गरी डिजाइन तयार



काठमाडौं- लगानी विस्तारमा आक्रामक देखिएको भाटभटेनी समूहले रोडसो रियल इस्टेटसँगको सहकार्यमा काठमाडौंको चुच्चेपाटीमा लक्जरी अपार्टमेन्ट निर्माण गर्ने भएको छ ।

सुपरमार्केट चेनमा सफल व्यवसायी मीनबहादुर गुरुङले अर्का घरजग्गा व्यवसायी कालु गुरुङसँगको सहकार्यमा प्रिमियम अपार्टमेन्ट निर्माण गर्न लागेका हुन् । अपार्टमेन्ट निर्माणका लागि भूमि पूजा एक साताअघि गरिएको छ ।

पछिल्लो समय होटल, कोल्ड स्टोर हुँदै अस्पतालमा लगानी विविधिकरण गरेको भाटभटेनी समूहले अब आवासीय परियोजनामा पनि हात हालेको हो ।

हायात होटल नजिकैको बौद्ध अपार्टमेन्ट परियोजना पौने चार रोपनी जग्गामा फैलिनेछ । अपार्टमेन्टमा सिंगल बेसमेन्ट हुनेछ । भुँइतलासँगै थप ८ तला बन्ने यो अपार्टमेन्टमा एक, दुई र तीन बेडरुमका युनिट बनाइने छ ।

रोडसो रियल इस्टेटका निर्देशक सागर गुरुङका अनुसार हरेक तलाम आठवटा युनिट बन्नेछन् । अपार्टमेन्टमा कुल ६४ युनिट रहने गरी प्रारम्भिक डिजाइन तयार गरिएको गुरुङले जानकारी दिए । फुल फर्निस्ड अपार्टमेन्टको मूल्य कम्पनीले प्रति वर्गफिट ३० हजार रुपैयाँ तय गरेको छ ।

'अपार्टमेन्टको मूल्य प्रति वर्गफिट ३० हजार रुपैयाँ तोकिएको छ । हामीले खरिदकर्तालाई फुल फर्निस्ड युनिट हस्तान्तरण गर्नेछौं । एक, दुई र तीन बेडरुम युनिट बनाउँदैछौं,' गुरुङले बिजमाण्डूसँग भने ।

काठमाडौं उपत्यकामा एक बेडरुम बजेट अपार्टमेन्टको बिल्टअप एरिया औसतमा ५०० वर्गफिट हाराहारी हुने गर्छ । मिड-रेन्ज अपार्टमेन्टमा औसतमा ६०० वर्गफिटसम्म तथा प्रिमियम अपार्टमेन्टमा ६५० वर्ग फिटभन्दा बढी हुने गरेको छ ।

भाटभटेनी र रोडसोले निर्माण गर्न लागेको यो अपार्टमेन्टलाई प्रिमियम परियोजनाका रुपमा हेरिएको छ । यसमा एक बेडरुम अपार्टमेन्ट १ करोड ९५ लाख रुपैयाँ हाराहारीबाट किन्न पाइने देखिन्छ ।

बौद्ध अपार्टमेन्टको निर्माण जेठभित्रै सुरु गर्ने तयारी छ । जसका लागि डिजाइनदेखि नक्सा पासको काम अन्तिम चरणमा पुगेको छ । अपार्टमेन्ट डेढ वर्षमा बनाइ सक्ने लक्ष्य छ ।

भाटभटेनीले पछिल्लो पटक काठमाडौंको तीनकुनेमा निर्माणाधीन काठमाडौं इन्टरनेसनल हस्पिटलको साढे ४५ प्रतिशत सेयर खरिद गरेको छ । त्यसअघि पुल्चोकको निदान अस्पतालमा पनि भाटभटेनीले लगानी गरिसकेको छ ।

# एभरेष्ट बैंक लिमिटेडको सिन्धुलीमा १३२औं शाखा विस्तार




काठमाडौं- एभरेष्ट बैंकले आफ्नो शाखा विस्तारको क्रममा मिति २०८२ साल जेठ ५ गते बागमती प्रदेशको सिन्धुली जिल्ला अन्तर्गत कमलामाई नगरपालिका वडा नं ६ मा आफ्नो १३२औं शाखा विस्तार गरेको छ ।

यो शाखासँगै बागमती प्रदेशमा बैंकको शाखा संख्या ४७ पुगेको छ । यस शाखाको विस्तार सँगै सिन्धुलीवासीले अत्याधुनिक, सरल र सहज बैंकिङ्ग सुविधा लिनसक्ने विश्वास बैंकले गरेको छ ।

कमलामाई नगरपालिकाका मेयर उपेन्द्र कुमार पोखरेल र बैंकका संचालक समितिका अध्यक्ष डा. बालगोपाल वैद्यबाट संयुक्त रुपमा उद्घाटित सो समारोहमा कमलामाई नगरपालिका वडा नं ६ का वडाध्यक्ष उज्वल कुमार थापा, सिन्धुली उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष देव नारायण श्रेष्ठ, प्रहरी नायव उपरीक्षक सूर्य प्रकाश सुबेदी, बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिब तथा बैंकका कर्मचारीहरु लगायत स्थानीयवासीको उत्साहजनक उपस्थिती रहेको थियो ।

सो उद्घाटन समारोहमा कमलामाई नगरपालिकाका मेयर उपेन्द्र कुमार पोखरेलले बैंकको उपस्थिती सँगै बैंकले गुणस्तरीय सेवा, सुविधा र सन्तुलित लगानी गर्ने विश्वास प्रकट गर्नुभयो साथै बैंकका सञ्चालक समितिका अध्यक्ष डा. वैद्यले एभरेष्ट बैंकको शाखा कार्यालय सिन्धुलीमा सञ्चालनमा आए सँगै यहाँका वासिन्दाहरुलाई सबल, सरल, उत्कृष्ट साथै अत्याधुनिक तथा गुणस्तरीय बैंकिङ्ग सेवा प्रदान गराउने प्रतिवद्दता व्यक्त गर्नुभयो ।

# ब्याजदर सस्तिए पनि कर्जा प्रवाहमा देखिएन सुधार

काठमाडौं- ब्याजदर सस्तिंदा पनि ऋण लगानी खुम्चिएको छ । वैशाखमा बैंकहरुको ऋण लगानी ७ अर्बले खुम्चिएको छ ।

बैंकहरुले चैत मसान्तसम्म ४९ खर्ब १५ अर्ब ऋण लगानी गरेकामा त्यस्तो रकम वैशाख मसान्तमा आइपुग्दा ४९ खर्ब ८ अर्बमा झरेको छ ।

ब्याजदर घटे पनि कर्जाको माग बढ्न नसकेका कारण ऋण खुम्चिन पुगेको बैंकरहरु बताउँछन् । राष्ट्रिय वाणिज्य बैंकका सीइओ देवेन्द्ररमण खनालले अनेक स्किम ल्याउँदा पनि ऋण लगानी बढाउन नसकेको बताए ।

'हामीले कर्जा विस्तारका अनेक स्किम ल्याएका छौं । तर, जति गर्दा पनि माग बढ्न सकेन । अहिले त अन्तिम क्वाटरमा छौं । अन्तिम क्वाटरमा व्यवस्थापनको काम हुन्छ,' उनले भने, 'कर्जा एक ठाँउबाट अर्को ठाँउमा सर्ने गरेपनि ऋणको माग छैन ।'

यसअघि गत कात्तिकमा ऋण २ अर्बले खुम्चिएको थियो ।

चालु आर्थिक वर्ष साउनमा २ अर्बले बढेको कर्जा भदौमा ५३ अर्ब, असोजमा ५६ अर्ब, मंसिरमा ४२ अर्ब, पुसमा ९४ अर्ब, माघमा १२ अर्ब, फागुनमा २३ अर्ब र चैतमा ६५ अर्ब बढेको थियो ।

सानिमा बैंकका सीइओ निश्चलराज पाण्डे वैशाख महिनामा कर्जा खुम्चिए पनि आर्थिक गतिविधि अपेक्षित रुपमा बढ्न नसकेका बेला १० महिनामा ७ प्रतिशत ऋण लगानी बढ्नुलाई सकारात्मक ठान्छन् ।

'कर्जा लगानी बढ्नका लागि बिजनेस फेन्डली वातावरण छैन । उपभोग बढ्न सकेको छैन । मानिसको आम्दानी बढेको छैन । त्यसैले ऋणको माग नै सुस्त छ,' उनले भने, 'यो भनेको आर्थिक गतिविधि सुस्त छ भन्ने हो । तैपनि यस्तो बेला १० महिनामा कर्जा ७ प्रतिशतले बढेको छ । यसमै खुशी हुनुपर्छ ।'

बैंकरहरुका अनुसार खासगरी ठूला परियोजना र कर्पोरेट क्षेत्रबाट ऋणको माग आएको छैन । 'अहिले रियल इस्टेट क्षेत्रमा कर्जाको माग छैन । इन्डस्ट्रियल र परियोजना कर्जाको त माग नै छैन,' अर्का बैंकका सीइओले भने, 'हामी सानो सानो कर्जा दिएर बसिरहेका छौं ।'

# जहाज खरिदलाई राष्ट्रिय गौरवको योजनाका रुपमा अगाडि बढाउन मन्त्रीसँग अधिकारीको आग्रह

काठमाडौं- नेपाल वायुसेवा निगम (एनएसी)का अध्यक्ष युवराज अधिकारीले जहाज खरिदका लागि आवश्यक सहयोग गर्न पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेसँग आग्रह गरेका छन् ।

उनले पाण्डेको उपस्थितिमा विभिन्न देशमा रहेका एनएसीका स्टेसन म्यानेजरको समीक्षा बैठक राखेर जहाज खरिदलाई राष्ट्रिय गौरवको योजनाका रुपमा अगाडि बढाउन आग्रह गरे ।

'मुलुकको लाइफलाइनको रुपमा काम गर्ने राष्ट्रिय ध्वजाबाहक निगमलाई थप सबल र सक्षम बनाउँदै जहाज खरिद जस्ता महत्वपूर्ण परियोजना राष्ट्रिय गौरवका योजनासँग जोडेर अगाडि बढाउनुपर्छ,' उनले भने ।



एक वर्ष अगाडिदेखि जहाज लिजमा ल्याउने प्रक्रिया अगाडि बढाउन खोजेका अधिकारी सफल हुन सकेका छैनन् । उनले जहाज किन्नका लागि सरकारले कानुनी रुपमा सहजीकरण गरिदिनुपर्ने बताए ।

'खरिद विनियमावली अन्य देशका राष्ट्रिय ध्वजावाहक वायुसेवा कम्पनीसँग मिल्दोजुल्दो हुनुपर्छ । अन्यथा यही निर्णय प्रक्रिया र खरिद विनियमावलीले अगाडि बढ्न कठिन छ,' उनले भने ।

उनले एनएसीका इन्जिनियर, पाइलट लगायत दक्ष कर्मचारीको पलायन रोक्न एनएसीले नै भत्ता सुविधा बढाउन पाउने प्रबन्ध मिलाउन पनि मन्त्री पाण्डेसँग आग्रह गरेको एनएसीले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

बिहीबार सुरु भएको दुई दिने बैठकमा ८ देशका १० कन्ट्री म्यानेजर र म्यानेजर सहभागी छन् ।

मन्त्री पाण्डेले एनएसीलाई थप जहाज आवश्यक रहेकाले त्यसका लागि मन्त्रालयले आवश्यक सहयोग गर्ने तर उनएसीको व्यवस्थापनमा पनि सुधार जरुरी रहेको बताए ।

एनएसीसँग हाल आन्तरिक उडानतर्फ दुईवटा ट्विनअटर तथा अन्तर्राष्ट्रियउडानतर्फ दुईवटा न्यारोबडी र दुईवटा वाइडबडी जहाज छन् ।

# खेलकुद

## जेठ १० मा वान रन हाफ म्याराथन




**काठमाडौं–** जेठ १० गते वान रन अन्तर्राष्ट्रिय हाफ म्याराथनको तयारी पूरा भएको छ । ललितपुरको पाटन दरबारस्थित कृष्ण मन्दिरबाट दौड सुरु हुनेछ । गत वर्ष पनि भएको दौडमा यस वर्ष नेपालसहित विश्वका ११० सहरमा एकै दिन यो हाफ म्याराथन हुन लागेको हो ।

हिरो लिगद्वारा हुने दौडमा नेपालले सहभागिता जनाउने थालेको हो । दौड चार इभेन्टमा हुनेछ । २१.१ किमि, १० किमि, ५ किमि र १ किमिमा हुने दौडको रुट ललितपुरको प्रमुख ऐतिहासिक तथा सांस्कृतिक स्थल रहेको छ ।

दौडमा बालबालिकादेखि ज्येष्ठ नागरिकसहित सबै उमेरका धावकलाई सहभागी हुने मौका प्रदान गरिने जनाइएको छ । नेपालमा यो दौड एनआरएस स्पोर्ट्स फाउन्डेसनले आयोजना गर्न लागेको हो ।

## एसियन कराते च्याम्पियनसिपमा ११ खेलाडीले भाग लिने




काठमाडौं- उज्वेकिस्तानको तास्कन्दमा हुने २१औं एकेएफ सिनियर एसियन सिनियर कराते च्याम्पियनसिपमा नेपालका ११ खेलाडीले भाग लिने भएका छन् ।

यही जेठ ९ देखि ११ सम्म हुने च्याम्पियनसिपमा अघिल्लो संस्करणकी रजत विजेता एरिका गुरुङसहितका खेलाडीले भाग लिने छन् ।

गत वर्ष हाङचाउमा भएको २० औं संस्करणमा एरिकाले रजत जितेकी थिइन् । एसियन च्याम्पियनसिप इतिहासमा नेपालका लागि उनले पहिलो रजत दिलाएकी हुन् । उनी फाइनलमा भियतनामी खेलाडी न्योगन थी गुएनसँग पराजित भएर रजतमै सीमित भएकी हुन् ।

भाग लिने अन्य खेलाडीमा सोनिम मानन्धर, साजन मोक्तान, मीनबहादुर तामाङ, सन्तोष श्रेष्ठ, महमद शेखु आलम, तेन्जिङ शेर्पा, सानुमाया थिङ, अञ्जली महर्जन, सविना श्रेष्ठ र निरुपा दोङ तामाङ छन् ।

मुख्य प्रशिक्षकमा कुशल श्रेष्ठ, प्रशिक्षकमा मन्डेकाजी श्रेष्ठ र टिम म्यानेजरमा किशोर भट्टराई रहेका छन् । कराते टोलीलाई सोमबार राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले गरेका थिए ।

# प्रधानमन्त्रीद्वारा सुटमालाका सीईओ राज कार्की सम्मानित



काठमाडौं- युवा व्यवसायी राज कार्की प्रधानमन्त्री केपी शर्मा ओलीबाट सम्मानित भएका छन् ।

शनिबार राष्ट्रिय युवा संघ केन्द्रीय शिक्षा विभागले आयोजना गरेको कार्यक्रममा नेपालभरिका टेलरिङ क्षेत्रको प्रतिनिधित्व गर्दै कार्की सम्मानित भएका हुन् ।

राज कार्कीले परम्परागत दर्जी व्यवसायलाई आधुनिक ढंगबाट अगाडि बढाइरहेका छन् । उनी आधुनिक, वातावरणमैत्री र नविनतम सोच बोकेको बागबजारस्थित "सुटमाला" विगत ७ वर्षदेखि सञ्चालन गर्दै आएका छन् ।

स्वदेशमै लगानी सुनिश्चित गरी उद्यमशीलताको प्रवर्द्धन गर्ने तथा मुलुकमा रोजगारी सिर्जना मार्फत स्वाधीन, आत्मनिर्भर, उन्नतशील, समुन्नत र समृद्ध अर्थतन्त्र निर्माणका लागि पुऱ्याएको अतुलनीय योगदानको उच्च मूल्याङ्कन गर्दै युवा व्यवसायी सम्मान प्रदान गरिएको हो ।

स्वदेशमा लगानी, उद्यमशीलता प्रवर्द्धन र रोजगारी सिर्जनामा पुऱ्याइएको अतुलनीय योगदानको कदरस्वरूप उक्त कार्यक्रममा कार्कीसहित अन्य दश विभिन्न क्षेत्रका व्यवसायीहरू सम्मानित भएका थिए ।

राष्ट्रिय युवा संघ नेपालको केन्द्रीय शिक्षा विभागका प्रमुख कुबेर अधिकारीले स्वदेशमै रहेर लगानी तथा उद्यमशीलतामा सक्रिय युवाहरूलाई थप ऊर्जा प्रदान गर्ने उद्देश्यले सम्मान गरिएको बताए । प्रधानमन्त्री केपी शर्मा ओलीले सम्मानित उद्यमीहरूलाई बधाई तथा शुभकामना समेत व्यक्त गरेका थिए ।

'मिहिनेत र लगनशीलताले मानिसलाई सफलता दिन्छ,' कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले भने, 'काम र अनुभवले मानिसलाई नेतृत्वमा पुऱ्याउँछ ।'

# वीरगञ्जमा १२५६ मिटर लामो नाला निर्माण शुरू



काठमाडौं- खानेपानी मन्त्री प्रदीप यादवले वेठ ४ गते आफ्नो क्षेत्रभित्र नाला र ढल निर्माणको शिलान्यास गरेका छन् ।

पर्साको वीरगञ्ज महानगरपालिका-१८ सुप्चैना र वडा नं. २१ को परवानीपुर क्षेत्रमा जल निकासी प्रणालीमा सुधार ल्याउने तथा डुवानको समस्या हटाउने उद्देश्यले १,२५६ मिटर लामो नाला निर्माण हुन लागेको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले ढल र नाला निर्माण सम्पन्न भएपछि सो क्षेत्रमा वर्षाको समयमा हुने डुबानको समस्या पूर्ण रूपमा समाधान हुने र सवारी आवागमनमा समेत सहजता आउने बताएका छन् । उनले भने, "नाला तथा ढल निर्माणपछि यो क्षेत्रको जल निकासी प्रणाली सुधार हुन्छ र सडक पनि व्यवस्थित हुनेछ ।"

मन्त्री यादवले स्थानीय पूर्वाधार विकासलाई प्राथमिकता दिँदै नागरिकको दैनिक जीवन सहज बनाउन यस्ता आयोजना निकै महत्वपूर्ण रहेको बताए । उनले विकास निर्माणमा सबै पक्षको सहयोग र सहकार्य आवश्यक रहेकोमा पनि जोड दिए ।

"खानेपानी तथा ढल निकासको क्षेत्रमा उल्लेखनीय कामहरू भएका छन् । नागरिकको दैनिक जीवन सहज बनाउन सरकार पूर्ण प्रतिबद्ध छ," उनले भने, "विकास निर्माणको कार्यमा सबै पक्षको सहकार्य आवश्यक छ ।"

# ९० मेगावाटको मस्याङदी नदी जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन पुरा



काठमाडौं- गोरखा जिल्लाको पालुङटार नगरपालिका, लमजुङ जिल्लाको राईनास नगरपालिका र तनहुँ जिल्लाको भानु नगरपालिका भएर बग्ने मर्स्याङ्दी नदीमा एम. ए. पावर प्रा. लि. ले निर्माण गर्ने ९० मेगावाटको मर्स्याङ्दी नदी अर्धजलाशययुक्त जलविद्युत् आयोजनामा कुमारी बैक लिमिटेडको अगुवाईमा २०८२ बैशाख ३१ गते लगानी सम्बन्धी सम्झौता सम्पन्न भएको छ ।

लगानी सम्झौता एम. ए. पावर प्रा. लि.का अध्यक्ष अनुप आचार्य र कुमारी बैक लिमिटेडका प्रमुख व्यवसाय अधिकृत क्षितिज खड्काको उपस्थितिमा कुमारी बैक लिमिटेड, प्रभु बैक लिमिटेड, सिद्धार्थ बैक लिमिटेड, कृषि विकास बैक लिमिटेड, सानिमा बैंक लिमिटेड, कर्मचारी सञ्चय कोष, गरिमा विकास बैंक लिमिटेड, लुम्बिनी विकास बैंक लिमिटेड तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको रु. १५ अर्ब १८ करोड ७५ लाखको संयुक्त लगानीमा आयोजना निमार्ण हुने गरी ऋण सम्झौता सम्पन्न भएको छ ।

स्वपुँजी लगानी तर्फ अनुप आचार्य, हरिबाबु न्यौपाने र दिपक बरालको हुनेछ । साथै डोल्मा इम्पाक्ट फण्डले पनि कम्पनीमा संस्थापक सेयरको ४९ प्रतिशत सम्म स्वपुँजी लगानी रहने कम्पनीका अध्यक्षले बताउनु भएको छ । यही समुहबाट हाल सेतीखोला हाईड्रोपावर लिमिटेड मार्फत सेतीखोला जलबिद्युत आयोजना २२ मे.वा. निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

आयोजनाको नेपाल बिद्युत प्राधिकरण सँग २०८० साल कार्तिक ०१ गते बिद्युत खरिद बिक्री सम्झौता सम्पन्न भई व्यपारिक उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) २०८६ साल बैशाख २२ रहेको छ ।

आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) स्वीकृतीका लागी सम्बन्धित निकायमा अन्तिम चरणमा रहेको कम्पनीका अध्यक्षले बताउनु भएको छ । आयोजनाबाट उत्पादित विद्युत् विद्युत्गृहदेखि २२० केभी सिंगल सर्किट प्रसारण लाइनमार्फत ११.६ किलोमिटर दूरीमा नेपाल बिद्युत प्राधिकरणको मार्किचोक सब-स्टेशनमा २२०/१३२ केभी मा जोडिने छ ।

# ब्रिटिस काउन्सिलको सहयोगमा "पेटका केही कुरा" को प्रदर्शनी



काठमाडौं- पुस्तौंदेखि आमा-छोरीको सम्बन्धमा आकार दिने मिलन र बिछोडका अनेकन् आयामहरूलाई समेटेर कला प्रबन्धक (आर्ट क्युरेटर) बुनु ढुङ्गानाले तयार गर्नु भएको 'पेटका केही कुरा' (सम थिङ्स इन द बेल्ली) मल्टिमिडिया प्रदर्शनी काठमाडौँमा हुँदैछ । यो प्रदर्शनी काठमाडौं बबरमहलमा रहेको नेपाल कला परिषद् (आर्ट काउन्सिल) मा १६ मे २०२५ ९२०८२ जेठ २० सम्म आयोजना हुनेछ ।

यो प्रदर्शनी, ब्रिटिस काउन्सिलको सहयोगमा लक्स (िग्ह) तथा आर्ट साउथ एसिया प्रोजेक्टले आर्ट एक्सचेन्जस् मुभिङ इमेज साउथ एसिया कार्यक्रम अन्तरगत आयोजना गरेका हुन् ।

नेपालका कलाकार तथा कला व्यवसायीहरूका लागि अवसर सिर्जना गर्ने र बेलायतको कला क्षेत्रमा उनीहरूको सम्बन्ध स्थापित गराउने प्रतिबद्धतासँगै ब्रिटिस काउन्सिलले बुनु ढुङ्गानालाई 'आर्ट एक्सचेन्जस् मुभिङ इमेज साउथ एसिया' कार्यक्रममा सहभागी हुन सहयोग गरेको थियो ।

यो कार्यक्रम अन्तरगत भर्खर काम सुरु गरेकादेखि व्यवसायमा स्थापित हुने क्रममा रहेका भिजुअल आर्ट क्युरेटरहरूलाई सिद्धहस्त व्यवसायीहरूबाट मार्गनिर्देश (मेन्टरशिप), व्यावसायिक विकास, र सञ्जालको विकास (नेटवर्किङ) को अवसर प्रदान गरिएको थियो ।

बुनु ढुङ्गाना २०२४ नोभेम्बरमा बेलायतमा गएर दक्षिण एसियाली अन्य क्युरेटरहरूसँग अनुसन्धान र नेटवर्किङ कार्यक्रममा सहभागी हुनुभएको थियो । बुनुले बेलायत तथा नेपाली कलाकारहरूको चलायमान कलाकृतिहरू (मुभिङ इमेज) लाई समेट्ने प्रदर्शनी आयोजना गर्न सहयोग प्राप्त गर्नु भएको थियो ।

# राष्ट्र बैंकले बजारबाट २४ अर्ब रूपैया उठाउदै, बैंक तथा वित्तीय संस्थासाग माग्यो प्रस्ताव

काठमाडौं- नेपाल राष्ट्र बैंकले तरलता व्यवस्थापनका लागि बजारबाट २४ अर्ब रुपैयाँ उठाउन लागेको छ । राष्ट्र बैंकले बोलकबोलमार्फत २४अर्ब रुपैयाँ निक्षेप २१ दिनका लागि उठाउन लागेको हो ।

यसका लागि राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुसँग प्रस्ताव मागेको छ । आइतबार अपराह्न ३ बजे अनलाइनमार्फत बोलकबोल हुनेछ ।

राष्ट्र बैंकले साँवा तथा ब्याज जेठ २५ गते भुक्तानी गर्नेछ । राष्ट्र बैंकले निक्षेप संकलन उपकरणमार्फत खिचेको १ खर्ब ६९ अर्ब ९० करोड रुपैयाँ परिपक्व हुन बाँकी छ ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३८, २०८२ साल जेठ ६ गते मंगलबार (MAY 20, 2025)

पृष्ठ १ बाट जारी

**तीनकुने घटना...**

आवरणमा अपराधजन्य काम र राजनीतिक अभिष्ट पूरा गर्ने काम गर्नु हुँदैन,' गृहमन्त्री लेखकले भने ।

गृहमन्त्री लेखकले तीनकुनेमा गरिएको राजतन्त्र वकालतको विषय नेपालको संविधान विपरित भएकाले कुनैपनि हालतमा उचित मान्न नसकिने पनि बताए ।

# गल्ती सच्याउने प्रतिबद्धतासहित मध्यपहाडी लोकमार्गमा माओवादी



काठमाडौं- नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहितका नेताहरूले आइतबार साँझ शहीद तथा बेपत्ता परिवारलाई भेटेका छन् । नारायण नगरपालिका-७, दैलेखकी पवित्रा शर्मा र उनकी छोरी हरिमायासँग प्रचण्ड सहित माओवादी नेताहरूले घरमै पुगेर भेटेका हुन् ।

माओवादीको १० वर्षे सशस्त्र विद्रोहका बेला राज्य पक्षबाट पवित्राकी पति कविराज, छोरा नारायण र छोरी सीताको ज्यान गएको थियो । ज्वाईं लक्ष्मी अधिकारी अझै बेपत्ता छन् । उनै पवित्रालाई भेट्न घरमै पुगेका प्रचण्ड सहितका नेताहरूले शहीदहरूको संकल्प पूरा गर्ने यात्राबाट बिचलित नभएको प्रतिबद्धता जनाएका छन् ।

पवित्राले प्रचण्डसँग परिवारका सदस्य गुमाउनुको पीडा र त्यसपछि उत्पन्न संकटहरू सुनाएकी थिइन् । त्यो दृष्यका सहभागीहरूका अनुसार पवित्राको कुरा सुनेर प्रचण्ड सहित नेताहरू केहीबेर भावुक बनेका थिए ।

माओवादी नेताहरूले पवित्राको परिवारलाई योजना बनाएरै भेट्न पुगेका थिए । बैतडीको पाटनबाट गत २ जेठमा सुरु भएको मध्यपहाडी लोकमार्गकेन्द्रित अभियानका क्रममा माओवादीले शहीद तथा बेपत्ता परिवारसँग नियमित जसो भेटिरहेका छन् ।

'शहीद तथा बेपत्ता परिवारसँग भेट्ने, उनीहरूको कुरा सुन्ने र पार्टीको कुरा राख्ने तालिका नियमित जस्तो चलिरहेको छ,' प्रचण्डका प्रमुख स्वकीयसचिव गोविन्द आचार्य भन्छन् । उनका अनुसार दैलेखमा पवित्रा शर्माको परिवारलाई भेट्नुअघि राकममा पनि शहीद परिवारसँग भेटवार्ता भएको थियो ।

माओवादीले मध्यपहाडी लोकमार्गकेन्द्रित अभियानका क्रममा शहीद तथा बेपत्ता परिवारलाई प्राथमिकताका साथ भेटेर पार्टी सच्चिएको सन्देश दिन खोजिरहेको छ । पार्टी निर्णय र सार्वजनिक सम्बोधन मार्फत् पनि माओवादी नेताहरूले सच्चिने प्रतिबद्धता गरिरहेका छन् ।

अध्यक्ष प्रचण्डसहित नेताहरूले हरेकजसो सार्वजनिक मञ्चबाट सच्चिएर अगाडि बढ्ने प्रतिबद्धता गरिरहेका छन् । 'हामीले सरकारबाट हटेपछि केन्द्रीय समितिमा गम्भीर ढंगले आफ्नै समीक्षा गर्‍यौं- कही त्रुटि त गरेका छैंनौं ? हाम्रो वर्गसँग, मजदुर-किसानसँग, आदिवासी जनजातिसँग, महिलासँग, दलितसँग, मधेशीसँग, थारुसँग, मुस्लिमसँग,' आइतबार दैलेख सदरमुकाममा आयोजित सभाबाट प्रचण्डले भने, 'हिजो जनक्रान्तिका बेला र पहिलो निर्वाचनका बेलामा हाम्रो जति गहिरो आत्मीय सम्बन्ध थियो, आज कमजोर किन भयो ? हामीले त्यसको समीक्षा गर्‍यौं ।'

विगतको तुलनामा जनतासँग दूरी बढेको प्रचण्डले सार्वजनिक मञ्चबाटै स्वीकारे, 'हाम्रा महान् शहीदहरूको घरमा के समस्या छ, उनीहरूले के भोगेका छन् भन्ने बारेमा जति गहिरोसँग उनीहरूसँग सम्वाद गर्नुपर्ने, भेटघाट गर्नुपर्ने र समस्या समाधानमा पहल गर्नुपर्नेमा केही न केही कमी भयो ।'

विगतका गल्ती सच्याएर जानकै लागि माओवादी जनताको घरआँगनमा आएको पनि प्रचण्डले प्रष्टोक्ति दिए, '...(सत्ताबाट बाहिरिएपछि लाग्यो) यथास्थितिलाई तोड्नैपर्छ, र हाम्रो वर्गतिर फर्कनुपर्छ । जनताको बीचमा र जनताकै काखमा हामी जानुपर्छ ।'

मध्यपहाडी लोकमार्गको अभियानका क्रममा माओवादी नेताहरूले जनताको बीचमा फर्कने निर्णयपछि माओवादीले उत्साहजनक परिणाम हासिल गरिरहेको सन्देश पनि दिइरहेका छन् । 'उपनिर्वाचनमा एक्लै लड्दा एक नम्बर पार्टी बन्यौं । स्ववियू निर्वाचनमा एक्लै लड्दा धेरै उपलब्धि हासिल गर्‍यौं,' प्रचण्डले आइतबार भने, 'पत्रकार महासंघमा पनि मानिसहरूले नसोचेको कुरा भयो ।'

अर्थात् हुलाकी राजमार्गकेन्द्रित अभियानका क्रममा माओवादीले जस्तो सन्देश दिने प्रयास गरेका थिए, मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान त्यसैको निरन्तरताका रूपमा विस्तार गर्न नेताहरू लागिपरेको देखिन्छ ।

'सबभन्दा होचो भू-भाग कचनकवलबाट हुलाकी राजमार्गकेन्द्रित अभियान थालेका थियौं, अब संसारको सवभन्दा अग्लो शिखर सगरमाथाको जिल्ला सोलुखम्बू पुगेर अभियान टुंग्याउँछौं,' आचार्य भन्छन् ।

सुशासन र विकासमा दाबी

मध्यपहाडी लोकमार्ग भएर चलिरहेको यो अभियानबाट माओवादी नेताहरूले सुशासन र विकासमा पार्टीको भूमिकाबारे प्रचार गरिरहेका छन् । विशेषगरी, माओवादी नेतृत्वको सरकारले गरेको कामको प्रचार गर्नु यो अभियान महत्वपूर्ण काम बनेको देखिन्छ ।

अध्यक्ष प्रचण्डले त मध्यपहाडी लोकमार्ग निर्माणको प्रस्तावकर्ता पार्टी नै माओवादी भएकाले पनि यो मार्गमा अभियान चलाउनुपरेको बताइरहेका छन् । 'यो देशलाई राष्ट्रिय रूपले एकताबद्ध गर्न, सांस्कृतिक रूपले देशलाई एकजुट बनाउन भौतिक रूपमा रणनैतिक योजना अगाडि सार्नुपर्छ भन्ने सोचेर मध्यपहाडी लोकमार्गको प्रस्ताव प्रस्तुत गरे । आज मलाई खुसी छ, त्यही मध्यपहाडी लोकमार्गकेन्द्रित भएर 'जनतासँग माओवादी जागरण अभियान हुँदैछ,' दैलेखकै कार्यक्रममा पनि प्रचण्डले भने ।

हरेकजसो सम्बोधनमा प्रचण्डले मध्य पहाडी लोकमार्ग बन्नुको श्रेय माओवादीलाई दिइनुपर्ने दाबीसहित विकास निर्माण र सुशासनका लागि पार्टीले गरेको कामहरूको प्रचार गरिरहेका छन् । लोडसेडिङ अन्त्यको जस माओवादीले पाउनुपर्नेमा उनको विशेष जोड देखिन्छ । तर, सुशासन स्थापित गर्ने प्रयत्नकै क्रममा आफू नेतृत्वको सरकार ढलेकाले जनताको साथमा आएको प्रष्टोक्ति प्रचण्डले दिइरहेका छन् ।

उत्पीडितसँग अपिल

अभियानका क्रममा नेताहरूले माओवादी उत्पीडित वर्ग समुदायको पक्षमा रहेको सन्देश दिन खोजिरहेका छन् । कर्णाली, सुदूरपश्चिम, महिला, दलित, विपन्न वर्गका साथमा माओवादी रहेको नेताहरूले बताइरहेका छन् ।

'फेरि पनि उत्पीडित वर्ग समुदायलाई अपमानित गर्ने, उनीहरूको हक अधिकार खोस्ने, हाम्रा छोराछोरीहरूले बलिदान दिएर ल्याएको उपलब्धि खोस्ने जमर्को (सत्तारुढले) गर्दैछ,' दैलेखकै कार्यक्रमबाट पनि प्रचण्डले भने, 'तपाईंहरूले हेर्नुभयो भने त्यहाँ महिला अधिकार खोसिएको छ, दलितको त नाम पनि उच्चारण गरिएको छैन अहिलको नीति तथा कार्यक्रम र बजेटमा ।'

तर, विगतदेखि नै माओवादी उत्पीडित वर्ग समुदायको पक्षमा रहेको सम्झाउने काम नेताहरूले गरिरहेका छन् । १० वर्षे सशस्त्र विद्रोह र त्यसयताका जनआन्दोलनहरूमा माओवादीले सधैं उत्पीडितको पक्षधरता लिएको नेताहरूले बताइरहेका छन् । प्रमुख वक्ता रहेका प्रचण्डले माओवादी बलियो हुँदा उत्पीडित वर्ग समुदाय पनि बलियो हुने तर्क गर्दै आएका छन् ।

'आउने समयमा माओवादी बलियो हुँदा दलित बलियो हुनेछन्, माओवादी बलियो हुँदा महिलाहरू बलियो हुनेवाला छन् । माओवादी बलियो हुँदा मजदुर र किसानहरू बलियो हुनेवाला छन् । माओवादी बलियो हुँदा नेपाल बलियो हुनेवाला छ,' प्रचण्डले भनिरहेका छन् ।

अन्तराष्ट्रिय

# हमासद्वारा गाजामा फेरि युद्धविराम प्रस्ताव

जेरुसलेम/गाजा– प्यालेस्टिनी समूह हमासले गाजा क्षेत्रमा नयाँ युद्धविराम प्रस्ताव अघि सारेको छ । कतारको राजधानी दोहामा शनिबार भएको वार्तापछि हमासले गाजामा ६० दिनका लागि युद्धविरामको प्रस्ताव गर्दै थप बन्धकहरू रिहा गर्न तयार भएको हो ।

इजरायली रक्षा बल (आईडीएफ) ले गाजा क्षेत्रमा जारी आक्रमण निकै बढाएपछि अमेरिका र कतारका मध्यस्थकर्तामार्फत हमासले दोहामा वार्ता सुरु गरेको हो । प्रस्तावमा हमासले ९ बन्धक रिहा गर्ने र त्यसको बदलामा इजरायली जेलमा रहेका प्यालेस्टिनी कैदीहरू रिहा गरिनुपर्ने बताएको छ ।

त्यस्तै, हमासले सहायता सामग्री बोकेका ४ सय ट्रकलाई गाजामा दैनिक प्रवेश दिनुपर्ने माग अघि सारेको प्यालेस्टिनी अधिकारीलाई उद्धृत गर्दै बीबीसीले जनाएको छ । युद्धविराम प्रस्तावमा हमासले गाजामा रहेका बिरामीलाई बाहिर लैजान दिइनुपर्ने प्रस्ताव पनि अघि सारेको छ ।

अर्कोतर्फ, इजरायलले बाँकी सबै बन्धकहरूको 'प्रुफ अफ लाइफ' (जीवित रहेको प्रमाण) र विस्तृत जानकारी माग गरेको छ । हमासको नयाँ प्रस्तावबारे इजरायलले सार्वजनिक रूपमा भने प्रतिक्रिया जनाइसकेको छैन । तर वार्ता सुरु हुनुअघि उसले गाजाबाट आफ्नो सेना नहटाउने र युद्ध अन्त्य गर्ने कुनै प्रतिबद्धता नलिने स्पष्ट पारेको थियो ।

नयाँ युद्धविराम प्रस्तावमा भने इजरायली सेना फिर्ता वा युद्ध अन्त्यको कुरा भने समावेश नरहेको बीबीसीले उल्लेख गरेको छ । इजरायली रक्षा बल सेनाले चार दिनअघि 'अपरेसन गिडिओन्स च्यारियट्स' नामक नयाँ आक्रमण घोषणा गरेको थियो । यो गाजा क्षेत्रमा गरिएको हालसम्मकै सबैभन्दा घातक आक्रमणमध्ये एक हो ।

बिहीबार सुरु उक्त आक्रमणयता गाजा क्षेत्रमा कम्तीमा ३ सय जना मारिएका उद्धारकर्ताहरूले जनाएका छन् । इजरायली आक्रमणका कारण अस्पताल र शरणार्थी शिविरहरूसमेत ध्वस्त भएका सहायता संस्थाका प्रतिनिधिले जनाएका छन् ।

इजरायल र हमासबीचको दुई महिना लामो युद्धविराम १८ मार्चमा टुटेसँगै आईडीएफले गाजा क्षेत्रमा आक्रमण तीव्र पारेको थियो । जसका कारण गाजाको मानवीय अवस्था अत्यन्तै गम्भीर भएको र इजरायलले १० सातादेखि खाद्यान्न तथा अन्य सहायता रोक्दै आएको मानवअधिकार संस्थाहरूले बताएका छन् ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले यसअघि गाजाको उत्तरी भागमा कब्जा जमाउने, प्यालेस्टिनी जनसंख्यालाई दक्षिणतर्फ धकेल्ने र हमासलाई 'ध्वस्त पार्ने' सैन्य रणनीति घोषणा गरेका थिए । उनको घोषणासँगै उत्तर र पूर्वी क्षेत्रमा बमबारी, ड्रोन हमला, गोलाबारी र विस्फोट जारी रहेको त्यहाँको अवस्था निकै त्रासदीपूर्ण रहेको बीबीसीले उल्लेख गरेको छ ।

नेतान्याहुका अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पश्चिम एसिया भ्रमणका कारण नयाँ कारबाही केही दिनका लागि पछि सारिएको हो । ट्रम्प साउदी अरब, संयुक्त अरब इमिरेट्स र कतारको चारदिने भ्रमण सकेर शुक्रबार स्वदेश फर्किइसकेका छन् ।

हमासबाट इजरायली भूमिमा रहेको खतरा नटरेसम्म र बन्धक रिहा नभएसम्म आक्रमण जारी रहने आईडीएफको भनाइ छ । 'जबसम्म हमासको खतरा रहन्छ र हाम्रा सबै बन्धकहरू घर फर्किंदैनन्, तबसम्म कारबाही रोकिँदैन,' आईडीएफले भनेको छ । पछिल्ला दिनहरूमा गाजापट्टीका सयौं आतंकवादी लक्ष्यहरूमा प्रहार गरिएको आईडीएफको दाबी छ ।

इजरायली आक्रमण र नाकाबन्दीका कारण गाजा क्षेत्रका अधिकांश स्थानीयले एकछाक पनि खान नपाएका संयुक्त राष्ट्रसंघ तथा अन्य सहायता संस्थाका अधिकारीहरूको भनाइ छ । खाद्यान्न अभावका कारण गाजाका बालबालिकामा कुपोषण तीव्र गतिमा बढिरहेको र २१ लाख जनसंख्या भोकमरीको चपेटामा परेका उनीहरूले चेतावनी दिएका छन् ।

गाजाको पछिल्लो अवस्थाप्रति अमेरिकालगायत देशले चिन्ता व्यक्त गरेका छन् । अमेरिकी राष्ट्रपति ट्रम्पले गाजामा धेरै मानिस भोकमरीको अवस्थामा रहेको बताएका छन् । त्यस्तै अमेरिकी विदेशमन्त्री मार्को रुबियोले गाजा विकसित पछिल्लो घटनाक्रमबाट चिन्तित भएको बताएका छन् ।

शनिबारको नयाँ आक्रमणपछि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस, स्पेनका प्रधानमन्त्री पेद्रो सान्चेज, इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीलगायतले पनि स्थायी युद्धविरामको माग गरेका छन् । जर्मन विदेश मन्त्रालयले भनेको छ, 'नयाँ आक्रमणले गाजाका जनताका लागि मानवीय संकट झनै भयावह बनाउनेछ ।'

संयुक्त राष्ट्रसंघीय मानवअधिकार प्रमुख भोल्कर तुर्कले इजरायलको पछिल्लो आक्रमण अन्तर्राष्ट्रिय कानुनको उल्लंघन हुन सक्ने चेतावनी दिएका छन् ।

# मनाङको साब्जे तालमा सार्वजनिक भयो म्याक्सस इटेरोन ९




मनाङ- म्याक्सस इटेरोन ९ नेपालमा लन्च भएको छ । मनाङको ३ हजार ५१९ मिटर उचाइमा रहेको सब्जे ताल (ब्लु लेक)मा आज म्याक्सस इटेरोन ९ औपचारिक रुपमा सार्वजनिक गरिएको हो ।

हिमालय अर्गनाइजेसनको सहायक कम्पनी हिमालय मोट्र्क्स प्रा. लि.ले लक्जरी इलेक्ट्रिक पिकअप काठमाडौंबाट मनाङको अप्ठ्यारो र कच्चा बाटो हुँदै सब्जेमा लगेर सार्वजनिक गरेको हो ।

आज सार्वजनिकक भएको यो गाडीको प्रारम्भिक मूल्य ९९ लाख ९९ हजार रुपैयाँ तोकिएको छ । यो मूल्य सीमित युनिटहरुमा मात्र लागू हुनेछ ।

शक्तिशाली ४डब्लुडी डुअल मोटर, र एड्जस्टेबल एयर सस्पेन्सनको साथ म्याक्सस इटेरोन ९ को मनाङसम्मको यात्राले यो इभी गाडीले उचाइ र कठिन सडकमा पनि आफ्नो शक्ति देखाएको कम्पनीले जनाएको छ । मनाङमा गरिएको यो यात्राले सहरमा मात्र होइन जंगल र हिमालका लागि पनि इभी तयार छन् भन्ने सन्देश दिन सफल भएको कम्पनीको दाबी छ ।

डुअल मोटर ४डब्लुडी (अगाडिः १२५ किलोवाट र पछाडि २०० किलोवाट क्षमताको यो गाडीको टर्क ७०० एनएम रहेको छ । यसको उच्चतम् गति १९० किलोमिटर प्रतिघण्टा रहेको छ । यो पिकअपमा १०२.२ किलोवाट एलएफपी ब्याट्री रहेको छ । ४२ मिनेटमै २० देखि ८० प्रतिशत ब्याट्री चार्ज हुनेछ ।

यो गाडीको ग्राउन्ड क्लियरेन्स २६० मिमी रहेको छ । इलेक्ट्रोनिक एड्जस्टेबल एयर सस्पेन्सन रहेको यो गाडीमा अल टेरेन ड्राइभ मोडहरू रहेको छ । अफरोडका लागि यो इभीले राम्रो सम्भावना देखाएको छ ।

यसमा हिटेड, भेन्टिलेटेड, मसाज फिचरसहितको लुई टोन लेदर सिट रहेको छ । वायरलेस चार्जिङ, एम्बियन्ट लाइटिङ, रियर एसी भनेट्स, पानोरामिक सनरुफ, ९ वटा एयरब्याग, ३६० डिग्री क्यामरा लगायतका फिचर यसमा छन् ।

# यामाहाले रिभर इन्डी मिलेर इलेक्ट्रिक स्कुटर ल्याउँदै

काठमाडौं- यामाहा मोटर कम्पनीले स्टार्टअप कम्पनी रिभर इन्डीसँग मिलेर यामाहा इलेक्ट्रिक स्कुटर बजारमा ल्याउने भएको छ । कम्पनीले इलेक्ट्रिक स्कुटर ल्याउनका लागि रिभर इन्डीसँग टिम तयार बनाएर काम

» बाकी ७ पृष्ठमा



# "महाभोज" को ट्रेलरले धुम मच्चायो, विदेशमा माग बढ्यो




काठमाडौं- दिनेश राउतद्वारा निर्देशित बहुप्रतीक्षित फिल्म 'महाभोज' को ट्रेलर सार्वजनिक भएसँगै सामाजिक सञ्जाल र दर्शकमाझ यसको चर्चा शिखरमा पुगेको छ। आइतबार काठमाडौंमा आयोजित एक विशेष कार्यक्रममा सार्वजनिक गरिएको यसको आधिकारिक ट्रेलरले रिलिज भएको छोटो समयमै युट्युब ट्रेन्डिङको अग्रपंक्तिमा पुगेको थियो।

यसमा प्राप्त प्रतिक्रियाहरू पनि उत्साहजनक छन्। दर्शकहरूले ट्रेलरलाई "वास्तविकताको नजिक," "मन छुने" र "समाजका शोषित वर्गको सशक्त आवाज" जस्ता विशेषणहरूले प्रशंसा गरेका छन्। ट्रेलरको बढ्दो लोकप्रियतासँगै अन्तर्राष्ट्रिय बजारमा पनि 'महाभोज' को माग तीव्र रूपमा बढेको छ। यसअघि नै जापान, मध्यपूर्व र अस्ट्रेलियामा प्रदर्शन हुने पक्का भएको यो चलचित्र अब बेलायत र कोरियाका दर्शकहरूले पनि हेर्न पाउने भएका छन्। निर्देशक दिनेश राउतले अन्य विभिन्न देशहरूबाट पनि चलचित्र प्रदर्शनका लागि प्रस्ताव आइरहेको जानकारी दिएका छन्।

'महाभोज' को ट्रेलरले सहकारी संस्थामा आफ्नो जीवनभरको कमाई गुमाएका पीडितहरूको हृदयविदारक कथालाई उजागर गर्दछ। चलचित्रमा दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, वसुन्धरा भुसाल र मोहन निरौला जस्ता लोकप्रिय कलाकारहरूको सशक्त अभिनय रहेको छ। ट्रेलरले सहकारी पीडितहरूको असह्य पीडा, रोजगारीमा रहेकाहरूको मानसिक तनाव र राजनीतिक क्षेत्रमा हुने षड्यन्त्रलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ।

हिमाल कडरियाद्वारा निर्मित यो चलचित्र क्लक वर्क क्रियशन र पिक्चर फ्रेमको संयुक्त प्रस्तुति हो। विकास सुवेदीद्वारा लिखित 'महाभोज' आगामी जेठ १५ गते नेपालसँगै विश्वका अन्य केही प्रमुख मुलुकहरूमा एकसाथ प्रदर्शनमा आउँदैछ। ट्रेलरले सिर्जना गरेको उत्साहलाई हेर्दा, यो चलचित्र दर्शकहरूको मन जित्न सफल हुने देखिन्छ।

# चन्द्रको निर्देशनमा "आ बाट आमा" बन्ने






काठमाडौं- गत वर्ष प्रदर्शनमा आएको फिल्म 'ह्रस्व दीर्घ'बाट निर्देशनमा डेब्यु गरेका द्वन्द्व निर्देशक चन्द्र पन्तले आफ्नो आगामी फिल्म 'आ बाट आमा'को निर्माण घोषणा गरेका छन्। उनले सोमबार थिम पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको औपचारिक घोषणा गरेका हुन्। साथै, आगामी फागुन १५ गतेलाई फिल्मको प्रदर्शन मिति पनि तय गरिएको छ।

सार्वजनिक थिम पोस्टरको पृष्ठभूमिमा एक बच्चाले आफ्नी आमाप्रति प्रेम दर्शाएको देख्न सकिन्छ। रोइरहेकी आमाको आँसु पुछ्ने प्रयत्न बच्चाले गरिरहेको छ। यसले आमाप्रति सन्तानले गर्ने प्रेममा आधारित भएर फिल्म बन्न लागेको बुझाउँछ। त्यसो त नामबाट नै फिल्मको कथा आमामा केन्द्रित रहने प्रष्ट हुन्छ।

आर्या इन्टरटेन्टमेन्टको प्रस्तुतिमा बन्न लागेको फिल्मको छायांकन आगामी भदौबाट सुरु हुनेछ। फिल्ममा को-को कलाकार हुनेछन् भन्नेबारे निर्माण पक्षले जानकारी गराएको छैन। केही दिनमा कलाकार र प्राविधिकको नाम सार्वजनिक गरिने निर्देशक पन्तले बताए। यसमा उनी स्वयंको कथा तथा पटकथा रहेको छ भने संवाद अभिमन्यु निरवीले लेखेका हुन्।

# "महाराजधिराज" मा वर्षा राउतको पनि प्रवेश



काठमाडौं- फिल्म 'महाराजधिराज'मा एकपछि अर्को कलाकारहरू अनुबन्धित हुने क्रम जारी छ। यसैक्रममा अभिनेत्री वर्षा राउतले पनि यो फिल्म साइन गरेकी छन्। स्टारकास्टको अनुबन्ध गर्ने क्रमलाई निरन्तरता दिँदै निर्माण टिमले राउतलाई अनुबन्ध गरेको हो।

यो फिल्ममा कलाकारहरूको हालसम्मको लाइनअप हेर्दा स्टारकास्टको भीड लाग्ने देखिएको छ। फिल्ममा यसअघि रमेश उप्रेती, आर्यन सिक्देल, पल शाह, वर्षा सिवाकोटी र जयकिशन बस्नेत अनुबन्ध भइसकेका छन्।

'महाराजधिराज'लाई परिच्छेद सेनले लेखन तथा निर्देशन गर्दैछन्। उनले यसअघि फिल्म 'प्रेमगञ्ज' निर्देशन गरेका थिए, जसले समीक्षात्मक रूपमा राम्रो प्रतिक्रिया पाएको थियो।

'महाराजधिराज' छत्रेश्वर म्यानेजमेन्टको ब्यानरमा निर्माण हुन लागेको हो। फिल्मको प्रस्तुतकर्ता विराज बिष्ट हुन्। उनले यसअघि 'बुलाकी' निर्माण गरेका थिए, जुन फिल्मले राष्ट्रिय अवार्ड समेत जितेको थियो।

फिल्मको निर्मातामा टोपेन्द्र विष्ट, चक्रबहादुर केसी र रवि खड्का छन्। 'महाराजधिराज' को पोस्टर यसअघि नै रिलिज भइसकेको छ। फिल्मको प्रदर्शन दसैंको फूलपातीलाई घोषणा गरिएको छ।

# विराजसँग "राम नाम सत्य"मा देखिँदै दिव्या

काठमाडौं- डेब्यु फिल्म 'एक्टरः टेक वन' र दोस्रो फिल्म 'पिताम्बर' दुवै असफल भए पनि त्यसले अभिनेत्री दिव्या रायमाझीको करिअरलाई कुनै असर गरेको देखिँदैन। उनको हातमा एकपछि अर्को फिल्म परिरहेको छ। चाँडै फिल्म 'माया प्रीति'मा काम गर्ने तयारीमा रहेकी उनले आइतबार नयाँ फिल्म 'राम नाम सत्य' सम्झौता गरेकी छन्।

यसमा उनले दुई एक्सन अभिनेतासँग पर्दा सेयर गर्नेछन्। अभिनेताहरू विराज भट्ट र सुशील श्रेष्ठसँग उनी फिल्ममा एकसाथ देखिने भएकी हुन्। माइकल चन्दको निर्देशनमा बन्न लागेको फिल्ममा विराज र सुशील यसअघि नै अनुबन्ध भइसकेका छन्।

फिल्म साइन गरेपछि दिव्याले भनेकी छन्, 'यो फिल्मको कथा बेजोड छ। मेरो भूमिका पनि निकै मनपर्‍यो। जसकारण, फिल्ममा काम गर्न तयार भएँ।' विराज र सुशीलसँग काम गर्न आफू उत्साहित



रहेको उनको भनाइ छ।

केही महिनाअघि निर्माण घोषणा गरिएको 'राम नाम सत्य' छायांकन आगामी साउनबाट सुरू गर्ने तयारी छ। माइकल इन्टरटेन्मेन्ट हाउसको प्रस्तुतिमा तयार हुन लागेको यो फिल्मको कथा निर्देशक माइकल चन्दले नै लेखेका छन्।

फिल्मको निर्मातामा उपेन्द्र शाही, स्वेता विमली र उत्तम गुरूङ छन् भने कार्यकारी निर्मातामा डाक्टर डीआर उपाध्याय र नरेन्द्र शाह रहनेछन्। अर्जुन पोखरेल र बाबुल गिरीको संगीत रहने फिल्मलाई सुशन प्रजापतिले छायांकन गर्नेछन्। एक्सन, पारिवारिक, प्रेम र सस्पेन्स कथामा फिल्म निर्माण हुने जनाइएको छ।

पृष्ठ ६ बाट जारी

## यामाहा...

सुरु गरेको हो। जसको मोडल आरवाई जेरो वन कोड नेममा विकास गर्ने योजना छ।

यस्तै, यामाहाले आरवाई जेरो वन कोडनेममा ताइवानी ब्रान्ड गोगोरोसँग पनि सहकार्य गर्ने योजना बनाइरहेको छ।

यामाहाले भारतीय स्टार्टअप रिभरसँग मिलेर आफ्नो पहिलो विश्वव्यापी इलेक्ट्रिक स्कुटर तयार पार्न लागेको हो। यो कदमले यामाहाको हाइ-भोल्युम भारतीय इभी बजारमा प्रवेश मात्र नभइ यसको उत्पादन रणनीतिमा पनि परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। जसले युरोपमा कम रेन्ज भएको स्कुटरको उत्पादन रणनीतिलाई समेत यसले परिवर्तन गरेर पर्फर्मेन्स ओरियन्टेड प्लेटफर्ममा यसको डीएनए समावेश हुनेछ।

यामाहा ई-स्कुटरमा रिभर इन्डीको भन्दा धेरै फरक डिजाइनहरु हुने कम्पनीले जनाएको छ। तर दुवै कम्पनीले आआफ्नो पावरट्रेन र ब्याट्री म्यानेजमेन्ट सिस्टम (बीएमएस) साझेदारी गर्नेछन्। यामाहाले पनि आफ्नो छुट्टै इभी

# ५ दिन लगाएर खिचियो "मोहर" को शीर्ष गीत, रोमान्टिक देखिए पल र नीति

काठमाडौं- साउनको २३ गतेलाई प्रदर्शन तोकेको फिल्म 'मोहर' को शीर्ष गीत ५ दिन लगाएर छायांकन गरिएको छ। फिल्मका शीर्ष कलाकार अभिनेता पल शाह र नीति शाह फिचर्ड हुने गीत चितवन र नवलपरासीमा ५ दिन लगाएर खिचिएको हो।

निर्माणपक्षले गीत छायांकनका केही तस्बिर सार्वजनिक गरेको छ, जहाँ पल र नीति रोमान्टिक देखिएका छन्।

'चाहिँदैन मोहर' बोलको यो गीतमा शरद हुमागाईं र विशाखा शाहीको स्वर सुन्न पाइनेछ। सुरेश अधिकारीको संगीत रहेको यस गीतको शब्द प्रमोद ढुंगानाले लेखेका हुन्। भिडियोको कोरियोग्राफी रामजी लामिछानेले गरेका छन्। थारू संस्कृतिलाई समेत समावेश गरिएको यो गीतको भिडियो केही हप्तापछि सार्वजनिक गरिने निर्माणपक्षले जनाएको छ।

फिल्म मेकर्स प्रा.लिको व्यानरमा निर्माण भएको यो फिल्ममा ओम प्रतिकको लेखन तथा निर्देशन छ। फिल्मको निर्माता चुम्बन जंग शाही हुन्।

फिल्ममा पल र नीतिसहित बेनिशा हमाल, अर्जुन जंग शाही, मिथिला शर्मा, रवीन्द्र झा, लक्ष्मी गिरी, सारा शर्मा लगायत कलाकारको अभिनय छ।

दिपेन बस्न्यातको छायांकन रहेको फिल्ममा कुमार महर्जनको एक्सन, सुरेश अधिकारी र एसडी योगीको संगीत, प्रमोद ढुंगाना र हर्क साउदको शब्द छ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३८, २०८२ साल जेठ ६ गते मंगलबार (MAY 20, 2025)

# बडिमालिका मन्दिर बनाउँदै नेपाली सेना



बाजुरा- धार्मिक तथा पर्यटकीय क्षेत्र बाजुराको बडिमालिकामा नेपाली सेनाले मन्दिर निर्माण गर्न लागेको छ । बडिमालिकाको पुरानो जीर्ण मन्दिर भत्काएर त्यसैमा नयाँ निर्माण सुरु गरिएको मन्दिरका पुजारी नेत्र पाध्यायले जानकारी दिए ।

२०५० सालदेखि मन्दिर निर्माणका लागि पहल भए पनि विभिन्न समस्याले निर्माण हुन सकेको थिएन । अहिले भने नेपाली सेना आफैंले मन्दिर निर्माण सुरु गरेको पाध्यायले बताए ।

विगतमा पुरातत्व विभाग, संघीय सरकार, प्रदेश सकारले मन्दिर निर्माणका लागि पहल भए पनि निर्माण हुन सकेको थिएन । यसअघि ठेक्का लागिसकेर पनि काम हुन नसकेको पुजारी पाध्यायले बताए ।

'सरकारले मन्दिर निर्माणका लागि बजेट विनियोजन गरेको थियो । तर सामान ढुवानी र प्रतिकूल मौसमका कारण निर्माण हुन सकेको थिएन । यो पटक भने सेनाको सक्रियतामा निर्माण सुरु भएको छ,' उनले भने । पुरानो भत्काएर नयाँ मन्दिर निर्माण, हवन कुण्ड र हेलिप्याड निर्माण हुने भएको छ ।

पुजारीका अनुसार मन्दिर करिब २ करोड लागतमा निर्माण हुन लागेको हो । सेनाले बाजुराको सदरमुकाम मार्तडीबाट हेलिकप्टरमार्फत सामान ढुवानी गरेर मन्दिर निर्माण भइरहेको छ । दुई महिनाभित्र मन्दिर निर्माण सम्पन्न गर्ने तयारीमा सेना रहेको छ ।

पुरातत्व विभागको प्राविधिक सहयोग र डिजाइन स्टिमेटमा मन्दिर निर्माण हुन लागेको सेनाले बताएको छ । रकम भने नेपाली सेनाको कोषबाट खर्च हुने भएको छ । खर्च हुने रकमका बारेमा भने सेनाले कुनै प्रतिक्रिया दिएको छैन ।

निर्माणपछि सबै सार्वजनिक गर्ने सेनाले बताएको छ । सेनाले धार्मिक, ऐतिहासिक, पुरातात्विक क्षेत्रको संरक्षणअन्तर्गत मन्दिर निर्माण गर्न लागेको बताइएको छ । मन्दिर निर्माणमा काठ, ढुङ्गा र माटो प्रयोग हुने भएको छ । तराईको सालको काठ प्रयोग हुने पुजारीले बताएका छन् ।

बडिमालिका प्रत्येक वर्ष जनैपुर्णिमामा मेला तथा मुख्य पूजा हुने गर्छ । विगतका वर्षभन्दा अहिले धेरै आन्तरिक पर्यटकले दर्शन तथा बडिमालिका क्षेत्रको भ्रमण गरेका छन् ।

देशकै चर्चित धार्मिक तथा पर्यटकीय महत्व बोकेको बडिमालिका समुद्री सतहबाट ४ हजार २ सय १९ मिटर उचाइमा रहेको छ । बडीमालिका सौन्दर्यका हिसाबले मात्रै नभई धार्मिक हिसाबले पनि महत्वपूर्ण मानिन्छ । नेपालका ४ धार्मिक धाममध्ये बडिमालिका एक धामका रूपमा परिचित छ ।

बडिमालिका पुगेका स्थानीय शेरबहादुर रावत भन्छन्, 'बडिमालिका क्षेत्र पुग्दा स्वर्गीय आनन्द प्राप्त हुन्छ । बाटोमा थुप्रै साना मन्दिर, वन्यजन्तु, खोला, झरना, ठूलाठूला पाटन, घाँसे मैदान जस्ता मनै लोभ्याउने दृश्य देख्न पाइन्छ ।'

बडिमालिका क्षेत्रबाट सैपाल लगायतका हिमालको दृश्य अवलोकन गर्न सकिन्छ ।


पाटन भेडा, घोडाका लागि चरन क्षेत्रका रूपमा रहेको छ । बडिमालिका क्षेत्रमा यो समयमा ५० हजारभन्दा बढी भेडाको चरिचरन हुने गरेको छ । बाजुरा, हुम्ला, कालिकोट, मुगु लगायतका क्षेत्रबाट भेडा ल्याएर वैशाखदेखि भदौसम्म चरिचरन गराउने गरिएको छ ।

बडिमालिकामा जेठमा पर्ने गंगा दशहराका दिनमा सरकारी पूजा हुने गरेको छ । त्यो दिन हेलिकप्टरमार्फत गएर पूजा गर्ने गरेका छन् । मेला भने जनैपुर्णिमाको दिनमा लाग्ने गरेको छ । जनैपुर्णिमाको दिनमा स्वदेश र भारतबाट दर्शनार्थी आउने गरेका छन् । अछाम, बाजुरा र कालिकोटका जिल्ला भएर बडिमालिका जाने गरिन्छ ।

बडिमालिका माईको दर्शन गर्नाले मनको इच्छा पूरा हुने भएकाले देश बाहिरबाट समेत दर्शनार्थी मेला भर्न आउने गरेको कैलाशमाडौंका दीर्घराज जोशीले बताए ।

बडिमालिका क्षेत्रको धार्मिक मात्र नभई जैविक विविधता, वन्यजन्तु, जडिबुटी तथा वातावरणीय दृष्टिकोणले विषेश महत्व रहेको छ । पर्यटकीय सम्भावना बोकेका २२ पाटन, त्रिवेणी, नाटेश्वरी बडिमालिकाका धरोहरका रूपमा परिचित छन् ।

# हुन्डाईको इभी गाडीमा प्रि-बजेट अफर




काठमाडौं- लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा. लि.ले हुन्डाई इलेक्ट्रिक सवारी साधनमा प्रि-बजेट अफर ल्याएको छ । जेठ ५ गतेदेखि सुरु हुने यो योजना जेठ १४ सम्म लागू हुनेछ ।

अफर हुन्डाई कोना इलेक्ट्रिक, आइओएनआइक्यू ५ र क्रेटा इभीमा लागू हुने कम्पनीले जनाएको छ ।

यो योजना अन्तर्गत ग्राहकहरुले इभीको निःशुल्क बीमा कभरेज पाउनेछन् । एक वर्षका लागि उनीहरुले बीमा कभरेज पाउनेछन् । साथै, सडक करसमेत निःशुल्क हुनेछ ।

कम्पनीले ३ वटा मोडलका गाडीमा विशेष नगद छुटको व्यवस्था गरेको पनि जनाएको छ । यो अफर अन्तर्गत स्पट एक्सचेन्ज र भ्यालुएसनको सुविधा पनि पाउन सकिनेछ ।

# बुटवल-भैरहवा क्षेत्रमा नयाँ क्रेटा इभी सार्वजनिक, ३० भन्दा बढी युनिटको बुकिङ कन्फर्म

काठमाडौं- नेपालमा हुन्डाईको एक मात्र आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले बुटवल-भैरहवा क्षेत्रमा नयाँ क्रेटा इभी सार्वजनिक गरेको छ । कम्पनीले बुटवल-भैरहवा क्षेत्रमा नयाँ क्रेटा इभी सार्वजनिक गर्दै विशेष अन्तरक्रिया कार्यक्रम पनि गरेको छ ।

कम्पनीका अनुसार नयाँ क्रेटा इभीको आगमनले विद्युतीय सवारीबारे दुविधा भएका ग्राहकहरूलाई स्पष्ट निर्णय लिन सजिलो बनाउनेछ ।

'धेरैलाई इभी खरिद गर्दा स्पेयर पार्ट्सको उपलब्धता, सेवा शुल्क र दीर्घकालीन ब्रान्ड सपोर्टको विषयमा शंका हुने गर्दछ । तर हुन्डाई नेपालले देशमै क्रेटा आइसीई, पेट्रोल मोडलको निर्माण कार्य थालिसकेको र क्रेटा इभी तथा आइसीई दुवै मोडलमा एउटै प्लेटफर्म प्रयोग हुने भएकोले गाडी खरिद पछिको सेवा सुविधामा अब कुनै पनि समस्या हुने छैन,' कम्पनीको विज्ञप्तिमा भनिएको छ ।

साथै, कम्पनीले इभी इकोसिस्टमलाई अझै मजबुत बनाउन 'रि-ल्याक्स' चार्जिङको नेटवर्क विस्तार गर्ने जनाएको छ । यसअन्तर्गत अहिले नै देशभरका विभिन्न ठाउँहरूमा 'रि-ल्याक्स' डीसी र एसी गरी ६६ चार्जर संचालन भइसकेको छ ।

यसले गर्दा ग्राहकहरूलाई हुन्डाईको पेट्रोल (आइसीई) र इभी कुनै पनि गाडी खरिद गर्दा सेवा, पार्ट्स र सपोर्टमा कुनै किसिमको कमी नहुने दाबी कम्पनीले गरेको छ ।

नेपालभर सञ्जाल फैलाउन उच्च व्यवस्थापन टोलीले देशका विभिन्न सहरमा डिलरहरूसँग प्रत्यक्ष भेटघाट गरिरहेको कम्पनीले जानकारी दिएको छ । सोही अभियान अन्तर्गत कम्पनीले ३१ बैशाखमा सिद्धिविनायक मोटो कर्प प्रालि, बुटवल र जगत मोटर्स प्रालि भैरहवा (हुन्डाईको आधिकारिक डिलर) को संयुक्त आयोजनामा बोधि भिल्ला, मणिग्राममा आयोजित विशेष भेटघाट कार्यक्रममा नयाँ क्रेटा इभी सार्वजनिक गरेको थियो । सोही क्रममा क्रेटा इभीसहित हुन्डाईका अरु नयाँ मोडलहरू पनि प्रदर्शन गरिएको थियो ।

सो कार्यक्रममा क्रेटा इभीका ३० भन्दा बढी युनिटको बुकिङ कन्फर्म भएको कम्पनीले जनाएको छ । जसमा कार्यक्रम स्थलबाट १० वटा क्रेटा इभी ग्राहकहरूलाई हस्तान्तरण पनि गरिएको छ ।

कम्पनीका प्रतिनिधिहरूले कार्यक्रमका सहभागीहरूसँग प्रत्यक्ष संवाद गर्दै हुन्डाई गाडीसम्बन्धी विस्तृत जानकारी र आवश्यक सहयोग प्रदान गरेका थिए ।




# प्लगइन हाइब्रिड गाडीमा कर घटाउन व्यवसायीको लबिइङ

काठमाडौं- अटो व्यवसायीहरुले प्लगइन हाइब्रिड सवारीसाधनमा कर घटाउन लबिइङ बढाएका छन् । सरकारले बजेट निर्माणको अन्तिम तयारी गरिरहँदा केही आयातकर्ताले प्लगइन हाइब्रिड गाडीलाई प्रवर्धन गर्न भन्दै कर घटाउन लबिइङ बढाएका हुन् ।




पछिल्लो समय हाइब्रिड गाडीको माग बढेको तर करले गर्दा इभीको तुलनामा महँगो भएकाले बिक्री बढाउन नसकेको व्यवसायीहरुको भनाइ छ । लामो समयदेखि कर घटाउन लबिइङ गर्दै आएका व्यवसायी यसपालि सरकारलाई बाध्य पार्ने तयारीमा छन् ।

नेपालमा प्रायः सबै अटो व्यवसायीसँग प्लगइन हाइब्रिड गाडी छन् । टोयोटा, बीवाइडी, एमजी, निसान, हुन्डाई, किया, ओमोडा एण्ड जेको, चांगन जस्ता सबै ब्रान्डका बिक्रेतासँग प्लगइन हाइब्रिड गाडी भएपनि उनीहरुले महँगो करका कारण आयात गरिरहेका छैनन् ।

अटो व्यवसायीको लबिइङमा भन्सार विभाग सकारात्मक देखिएको छ । विभागले आगामी दिनमा प्लगइन हाइब्रिड गाडी नेपाल जस्तो देशका लागि व्यवाहारिक हुने भन्दै करमा लचकता अपनाउन अर्थ मन्त्रालयलाई सुझाव दिएको छ । विभागका एक कर्मचारीले राजस्व बढ्न नसकिरहेका बेला प्लगइन हाइब्रिड गाडीमा करको दर घटाउँदा त्यसले आयात बढेर सरकार आम्दानी बढ्ने बताए ।

कर घटाउँदा हाइब्रिड गाडीको आयात बढ्छ र त्यसले राजस्व संकलनमा पनि सहयोग पुग्छ । त्यही बुझाइमा हामीले मन्त्रालयलाई कर घटाउन सुझाव दिएका छौं,' ती कर्मचारीले भने, 'हामीले कर समायानुकूल हुनुपर्छ भनेका छौं । कुनैमा घटाउन पर्छ, कुनैमा बढाउन पर्छ । हाइब्रिड गाडी हाम्रो भौगोलिक अवस्थिति अनुसार ब्याट्री भेहिकलभन्दा उपयोगी हो । अहिले संसारभर नै हाइब्रिड गाडीको माग बढ्दो छ ।'

छोटो दूरीमा यात्रा गर्नेलाई प्लगइन हाइब्रिड गाडीको इलेक्ट्रिक पावरट्रेनले पुग्छ भने लङ रुट जानेका लागि इन्धन इन्जिन प्रयोग गर्न सकिन्छ ।

अन्य हाइब्रिडमा भन्दा प्लगइनमा ब्याट्री प्याक ठूलो हुन्छ भने रेन्ज पनि धेरै दिन्छ । जसले गर्दा धेरै किलोमिटर दूरीसम्म इन्धन इन्जिन चलाउनु पर्दैन ।

प्लगइन हाइब्रिड गाडीको ब्याट्री इभीको जसरी चार्ज गर्न सकिन्छ । अन्य हाइब्रिड गाडीमा इन्धनको सहायताले इलेक्ट्रिक मोटरमा पावर प्रदान गर्दै ब्याट्री चार्ज हुने सिस्टम हुन्छ । जसलाई बाहिरी स्रोतबाट प्लगइन गरेर पावर प्रदान गरिराख्नु पर्दैन ।

हाइब्रिड गाडीमा अहिले ८० प्रतिशत भन्सार लाग्छ । यस्तै, ८० प्रतिशत नै अन्तःशुल्क लाग्छ । इन्धन सवारीसाधनकै हाराहारीमा कर लगाइएका कारण अटो व्यवसायीहरुले माग भएर पनि खासै आयात नगरेका हुन् ।

व्यवसायीले चालु आवमा प्लगइन हाइब्रिड गाडी ११ युनिट मात्र आयात गरेका छन् । यस्तै अन्य हाइब्रिड गाडी ४० युनिट ल्याएका छन् । गत वर्ष प्लगइन हाइब्रिड ६ युनिट र अन्य हाइब्रिड १५ युनिट आयात भएका थिए ।

प्लगइन हाइब्रिड गाडीको सुरुवाती खरिद मूल्य नै इभीको तुलनामा सस्तो छ । जसले गर्दा सरकारले इभीकै बराबर कर लगाएको अवस्थामा प्लगइन हाइब्रिड गाडी ग्राहकले सस्तो मूल्यमा पाउनेछन् ।

कर कति घटाउने भन्नेमा छलफल

व्यवसायीले लबिइङ बढाएपछि यस विषयमा अर्थ मन्त्रालयले छलफल चलाएको स्रोतले जानकारी दियो । मन्त्रालय स्रोतका अनुसार व्यवसायीको माग र भन्सार विभागको सुझावका आधारमा छलफल भइरहेको छ ।

'व्यवसायीले कर घटाउन माग गर्नुभएको छ । विद्युतीय सवारीमा साधनमा जस्तै हाइब्रिडमा पनि आकर्षण बढाउन कर घटाउनुपर्छ भन्ने व्यसायीको भनाइ छ । भन्सार विभागले पनि अहिलेको कर धेरै हुँदा आयात प्रभावित भइ राजस्वमा असर परेको कुरा गरेको छ । त्यसैले हामी कर कति घटाउन सकिन्छ भन्नेबारे छलफलमा छौं,' स्रोतले भन्यो, 'छलफल टुंगोमा पुग्न केही दिन लाग्छ ।'

सरकारले २०७६ मा पनि हाइब्रिड गाडीमा भन्सार शुल्क र अन्तःशुल्कमा ५० प्रतिशत छुट दिएको थियो । त्यतिबेला पेट्रोलियम इन्जिन र विद्युतीय मोटर दुबै जडान भई दुईमध्ये एकको शक्तिबाट गुड्न सक्ने र विद्युतीय शक्तिको बाह्य स्रोतबाट ब्याट्री चार्ज गर्न मिल्ने सवारीलाई सरकारले हाइब्रिड गाडीको रुपमा परिभाषा गरेको थियो ।

तर, त्यतिबेला वास्तविक हाइब्रिडले पाउने भनिएको छुट दुरुपयोग गर्ने गरी केही आयातकर्ताले गाडी ल्याएपछि सरकारले छुट फिर्ता गरेको थियो । त्यसपछि हाइब्रिडमा सरकारले इन्धन गाडीसरह नै कर लगाउँदै आएको छ ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार